किरात राई यायोक्खा हङकङको मुखपत्र

www.kiratrai.org

# यलम्बर

२०२३ | बर्ष २५, अङ्क २१

# YALAMBAR

अन्तरजातीय बिवाह र चुला प्रावधान बिशेष अङ्क



■ चूलामा अन्तरजातीय विवाहको हाउगुजी – प्रगति राई ■ सुप्तुलुङमा उभिएर – सचित राई

■ जातिमा प्रचलित विवाह संस्कारको प्रारूप र स्वरूप – डा. भक्त राई ■ विश्वमा अन्तरजातीय विवाह एक प्रसङ – बद्रीप्रसाद ढकाल


LINGMA
CONSTRUCTION AND
ENGINEERING LTD
किरात राईहरुको महान चाड
साकेला उभौली २०२३ (येले सम्वत ५०८३)
को हार्दिक मंगलमय शुभकामना ।
चन्द्रका राई
सिनियर डाईरेक्टर
LINGMA CONSTRUCTION & ENGINEERING LTD.
Flat K, 12/F, Gold King Industrial Building
No.35 Tai Lin Pai Road, Kwai Chung, NT
Phone: +852 29863145; +852 29863522;
Fax : +852 24794892
Email : lingmaadmn@gmail.com
Web: www.lingmaconstruction.com/

# सम्पादकीय

यलम्बर अर्थात किराया हङकङको मुखपत्र आज ३ वर्षको अन्तरालपछि तपाईहरूको हातमा आई पुगेको छ । वर्षेनी प्रकाशन हुने गरेको यो यलम्बर संसारभरि फैलिएको कोविड–१९ को कारणले निर्धारित तालिका अनुसार प्रकाशन हुन सकेको थिएन । कोविड महामारीमा आएको सुस्ततासँगै अब हङकङको जनजीवन पनि सामान्य लयमा फर्कन खोजेको छ । यससँगै हाम्रो यो वार्षिक मुखपत्र यलम्बर पनि प्रकाशन गर्न सफल भएका छौं। किरात राई यायोक्खा हङकङको मुखपत्र यलम्बरको विगतका अङ्कहरूमा त्यस्तो खास एक किटानी विषयलाई केन्द्रित गरीकन विशेष लेख/आलेख प्रकाशित गरिएको थिएन । शायद ती समयहरूमा त्यस्ता खास गम्भिर विषय हरु थिएन होला।

तर आज समय परिवर्तन भई रहेछ। वर्तमान समय र परिस्थिति अनुरूप मानवीय चेतलाई केही वस्तुगत स्वभाविक परिवर्तनको सङ्घारतर्फ लैजानु पर्छ की ? आज त्यो अवस्था हङकङवासी तमाम किरात राईहरूमा देखिएको छ। हामी हङकङ निवासीमा मात्रै होइन विश्वभर अलिक लामो समयदेखि घरबार गरेर बसी रहेका किरात राईहरूमा पनि खड्किएको छ । त्यो टड्कारो विषय हो "किरात राई जातीमा अन्तरजातीय विवाह र चुला" । यसै तातो विषयलाई यस अङ्कमा विशेष दृष्टिकोणकासाथ पस्कने कोशिश गरेका छौं ।

हङकङमा रहेका हामी सम्पूर्ण किरात राईहरूको संस्कार, संस्कृति, भाषा र धर्मको जगेर्ना, सम्वर्द्धन, संरक्षण र प्रवर्द्धनकालागि स्थापित भएकोले किराया हङकङमार्फत हामी सबै किरात राईहरू कुनै न कुनै रूपमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा आबद्ध छौं। साधारण सदस्य भएर साधारणसभा वा अधिवेशनमा आफ्नो बिचार र मत जाहेर गर्दछौं। यसको अलावा आफ्नो बिचारलाई खुला, स्वतन्त्र र लिखत रूपमा प्रस्तुत गर्ने थलो भनेको यही मुखपत्र यलम्बर हो ।

बिचारहरू खुला र स्वतन्त्र भए पनि यसको केन्द्रबिन्दु भने हाम्रो संस्कार र संस्कृति नै हुने गर्दछ। यसैको सेरोफेरोमा रहेर आफूलाई लागेका, भोगेका, सोचेका भावना, कल्पना र बिचारहरूलाई लेखरचना, कथा, कविता, गीत र गजलहरूमा प्रस्तुत गर्ने थलो हो यो यलम्बर । यसपटकको यलम्बरको लागि भने हामीले खास विषयमा केन्द्रित रहेर यस्ता लेख-रचनाहरूको आह्वान गरेका छौं। सर्वविदितै छ-चुला किरात राईहरूको मात्र कर्मकाण्ड गरिने थलो हो। हालसम्म हामीले सामुहिक चुलाघर (सुप्तुलुङखिम) लाई त्यसै अनुरूप नै सञ्चालन गर्दै आई रहेका छौं। राईबाहेक अन्य जातिको व्यक्ति विशेषलाई कुनै पनि बहानामा प्रवेश वा कुनै पनि किसिमको कर्मकाण्ड गर्न गराउन हाम्रो परम्परागत संस्कारले दिएको छैन। विशेष गरेर यस चुलाघरमा हामी किरात राईहरूले स्वजातीय विवाह गरेको अवस्थामा मात्र नयाँ दुलही वा नव दुलाहालाई चुलामा गर्नु पर्ने कर्मकाण्ड गर्दै आएका छौं। तर माथि नै भनि सकिएकोछ कि समयको वहाव सधैं एकनासको हुँदैन । परिवेश र वाध्यतासँगसँगै सोचाईहरूमा पनि परिमार्जन वा पुनर्विचार गर्नु पर्ने हो कि भन्ने अवस्थाहरू पनि आई लाग्दो रहेछ ।

हामी किरात राईहरूमा कर्मकाण्डका लिखत रूप नभएकोले प्रायसः भद्र-भलादमीहरूको आपसी छलफलबाट नै आई परेको नयाँ समस्या वा बिषयको टुङ्गो लगाउने चलन रहेको छ । त्यस्तै छलफल वा बिचार मन्थनको थलो पनि हो यो मुखपत्र यलम्बर। संसारको जुनसुकै ठाउँमा पनि अन्तरजातीय बिवाहलाई सामान्य मानिंदै आएकोछ । र हाम्रो राई समुदाय पनि त्यसको अछुतो हुने कुरै भएन । देशको संविधान र कानुनले पनि अन्तरजातीय बिवाहलाई सामान्य रुपमा मान्यता दिएकै छ । तर संविधान र कानुनले जे जस्तो ब्यवस्था गरे पनि हाम्रो जातीय संस्कार र परम्परामा संविधान र कानुन लागु हुने सिमाहरू छन्। त्यसैले हाम्रो परिवार र समाजमा अन्तरजातीय बिबाह भएको अवस्थामा के कसरी कर्मकाण्डहरूलाई अगाडि बढाउने भन्ने सवालहरू एउटा समस्या भई आईरहेको छ।

ब्यक्तिगत हकमा वा कुनै एकाध सवालहरूमा यस्ता समस्याहरू जसोतसो टर्दै आई रहेको छ । कुनै न कुनै रूपमा ब्यवस्थापन भएकै छ। तर जब यी परम्परागत संस्कार वा संस्कृतिले नसमेटेको अवस्थाका बैवाहिक अवस्थाहरूलाई "सामुहिक चुलाघर" मा कसरी समेट्ने भन्ने सवाल आउँछ । त्यसबेला भने एउटा बृहत छलफलको आवश्यकता हुन्छ। हो, आज यही बिषयलाई लिएर एउटा छलफलको रूपमा यस अंकको यलम्बरलाई लिने कोषिस गरेका छौं। के अन्तरजातीय बुहारीलाई हाम्रो सामुहिक चुलाघरमा भित्र्याउन सक्छौं ? अथवा ब्यक्तिगत रूपमा अन्तरजातीय ज्वाईंलाई के कस्तो तरिकाले चूलाघरमा देखाइन्छ र बिभन्न क्षेत्रमा रहेका राईहरूमा अन्तरजातीय बिबाह हुँदाको अवस्थामा गरिने संस्कार के कस्तो छ ? यस्तै सवालहरूमा बहस गर्न र अनुभवहरूको आदनप्रदान गर्ने प्रयासको रुपमा यसपटकको यलम्बरलाई लिएका छौं । यस बहसले निष्कर्ष नै निकाली हाल्नु पर्छ भन्ने छैन। तर भविष्यमा मार्गदर्शनको काम गर्नेछ भन्ने हामी आशा लिएका छौं। ■


G 5 O
RESTAURANT & BAR
G/F, 505 Canton Rd, Jordan, Kowloon.
किरात राईहरुको महान चाड
साकेला उभौली २०२३ को
हार्दिक मंगलमय शुभकामना ।
G 5 O
Fusion Restaurant & Bar
融合餐廳酒吧
505 CANTON ROAD
CONT. NO.: 66509757
Italian & Western Cuisine
意大利美食和西方美食
BURRITO 墨西哥捲餅
01. VEG BURRITO $58
Burrito Bread, Tomato, Cucumber, Cabbage, Cheese, Chipotle Mayo Sauce.
02. CHICKEN BURRITO $68
Burrito Bread, Green Cabbage, Red Cabbage Jalapeno Pepper, Shared Carrot Pickle, Cheese, Chipotle Mayo Sauce.
CHICKEN BURRITO
ALL DAY BREAKFAST 全天早餐 $72
Eggs, Sausages, Bacon, Baked Beans, Tomato, Mushrooms, Toast Bread
ALL DAY BREAKFAST
10" CLASSIC PIZZA 經典披薩
01. MARGHERITA $75
Finest Italian Mozzarella, Organic Herbs with fresh tomato sauce.
02. PEPPERONI $88
With Pepperoni, Mozzarella & Oregano
03. HAWAIIAN $98
With Pineapple, Ham, Mozzarella, Bell Paper.
04. CHICKEN MUSHROOM $88
Chicken, Mushrooms, Cheese, Mozzarella.
05. CHICKEN TANDOORI $108
Tandoori Chicken, Cheese, Onion, Jalapeno, Tomato, Mozzarella.
CHICKEN MUSHROOM
SPAGHETTI 意大利麵
01. SPAGHETTI CARBONARA $75
Served with Cheese and Cream, Egg Yellow Sauce.
02. VEG PENY PASTA $78
Served with Pesto Sauce.
03. PASTA OLIO OLIO $78
Served with Cheese, Shrimp, Garlic, Parsly & Chilly.
CHICKEN TANDOORI
VEG PENY PASTA
SPAGHETTI CARBONARA
No Service Charge, We Serve with Love
Photos Are For Reference Only
OpenRice

# अध्यक्षको मन्तब्यः



प्रथमत: संसारभर रहनु भएका किरात राई दाजुभाई-दिदीबहिनी तथा समस्त नेपालीहरुको सु-स्वास्थ्य, सुख-समृद्धिसाथै स्थायी उन्नति-प्रगतिको कामना गर्दै साकेला उभौली २०२३ (येले सम्बत ५०८३) पावनावशरमा हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु।

शुभकामना !

विगत दुई बर्ष कोभिड-१९ ले विश्व मानवजगतलाई नै त्राहीत्राही बनायो। कुनै सामाजिक क्रियाकलापहरु गर्न सकिएन। सामान्य मान्छेले कोरोना भाइरसको महामारीबाट विश्वमुक्त हुन सकोस् भन्ने प्रार्थना र यसकालागि सरकारको सामाजिक नियम पालना गर्दै जोगिएर बस्नुको विकल्प पनि रहेन। किरात राई यायोख्या हङकङले पनि आफ्नो बार्षिक योजना अनुरुप कामहरु गर्न सकेन। यसका वावजुद पनि किरायाले प्रतिनिधित्व गरेर संस्थाको साख जोगाउने काम / कुराहरु भने गरि रहयो। केहि गर्यो। तर त्यस्ता उल्लेखनीय कार्यहरु भने विभिन्न प्राविधिक कारणले गर्न नसकिएको स्वीकार्य छ। कोरोनाको जस्तो भयावह अवस्था थियो; त्यो विस्तारै कम हुँदै गयो। जनजीवन सामान्य बन्दै गयो। दुनियाँ खुल्ला हुँदै गयो। आज कोरोनाको असर सामान्य बनी सकेको छ। आमरुपमा काम गर्न सकिने भई सकेको छ। फलत: किरायाले पनि विभिन्न क्रियाकलाप गर्न शुरु गरि सकेको अवस्था अवगत गराउन पाउँदा खुशीको अनुभूति भएको छ।

यसो भनौं - किराया सक्रियताकासाथ आफ्नो बार्षिक योजना पुरा गर्न अघि बढी सकेको छ। मुख्यत: किरात राईहरुको मौलिक संस्कार-संस्कृति, भाषा, धर्म, मुन्दुमी परम्परा, साहित्य, दर्शन आदिको संरक्षण-सम्वर्द्धनलाई विविध क्रियाकलापद्वारा किरात राई हुनुको गर्वलाई पुस्तान्तरण गर्दै जाने क्रमको संस्थागत निरन्तरता कायम राख्न थालिएको छ। उदाहरणकालागि किरायाको सुम्सुलुङखिममा विभिन्न सांस्कृतिक चाडपर्वहरु सामुहिक रुपमा मनाउने, सुम्सुलुङ पूजा-आराधना गर्ने, भाषिक भेटघाटसाथै विचार-विमर्श गर्ने जस्ता काम/ कारवाही भई नै रहेका छन्। चाहे ती किरायाको नेतृत्वमा होस् या भाषिक संस्थाहरुको आयोजनामा होस्, किरायासँग किरात राईहरु अघि बढी नै रहेका छौं। यसैसाथ किरायाले बार्षिक साधरणसभा पनि सम्पन्न गरि सकेको छ। र, अहिले साकेला उभौली २०२३ (येले सम्वत ५०८३)को कार्यक्रममा किराया होमिएको छ। सदा झैं ताइमोशान पार्कमा सम्पन्न हुने साकेला शीली नाँच किरात पोशाकमा लगाएर नाँच्न आतुर छौं।

यस कार्यक्रम भव्यताकासाथ सफल पार्न किरायाका पदाधिकारी, यस अन्तरगतका विभिन्न विभाग,भाषिक संस्था तथा सम्बन्धित सरोकारवाला संस्था तथा महानुभावहरुले आ-आफ्नो स्थानबाट कार्य गरी नै रहनु भएको छ। यहि अवशरमा हरेक साल संस्थाको मुखपत्र "यलम्बर" प्रकाशन गरि नि:शुल्क वितरण पनि गरिन्छ। यस कार्यको जिम्मेवारी निर्वाह गर्ने किरायाको बौद्धिक अंग किराया प्रज्ञा प्रतिष्ठानप्रति किराया आभार व्यक्त गर्दछ। यसकासाथै किरायालाई भैपरि आउँदा खम्बा भएर उभिने र काँध थाप्ने सबै सहयोगी महानुभावहरुलाई किरायाको तर्फबाट हार्दिक धन्यवाद भन्न चाहन्छु। आगामी दिनहरुमा पनि तपाई सबैको यस्तै साथ सहगोगको अपेक्षा राख्दछौं।

किराया हङकङ यहाँ मात्रै होइन आफ्नो कर्तव्यको निम्ति जहाँ र जुनसुकै अवस्थामा पनि संस्थागत प्रतिनिधित्व गर्न उपस्थित हुने गरेको इतिहास छ। यसै शिलशिलामा नेपालमा एक नम्बर प्रदेशको नामांकन बिषयमा पहिचान पक्षधर सडक र सदनसम्म आन्दोलित छन्। यस क्रममा एकजना योद्धा लाजेहाङ लिम्बु शहिद भए। यसपछि आन्दोलन झन तिव्र बनेको छ। यस आन्दोलनलाई सफल बनाउन किरायाले सहयोग पठाई सकेको छ। प्रेस विज्ञप्ति जारी भई सकेको छ। यो आन्दोलन सफल बनोस्। लाजेहाङको आत्मले शान्ति पाउन सकोस्। अमर शहिद लाजेहाङप्रति श्रद्धासुमन श्रद्धाञ्जली चढाउँछौं।

जय किराया !
जय हाम्रो एकता !

चन्द्रका (माया) राई
अध्यक्ष, किराया, हङकङ।

## शोक वक्तव्यः

**आज मिति : ०७ मे २०२३ को दिन।**



किरात राई यायोख्या हङकङ साकेला उभौलीको चूला पूजा र संस्थाको मुखपत्र "यलम्बर" को २१औं अंक प्रकाशनको अन्तिम काम गरि रहेको बेला किरायाका आजीवन सदस्य, सुप्तुलुङखिम खरिदका एक दाता तथा पूर्व सल्लाहकार तिलक (मोहन) वालाहाङ वान्तवा राईको असामयिक निधन भएको खबर आयो। पत्याउन गारो एकाबिहानै आएको यो समाचारले अत्यन्तै पींडाबोध भएको छ। अकल्पनीय उहाँको महाप्रस्थानले किराया र यो "यलम्बर" सम्पादक परिषदलाई एक वैचारिक तथा सामाजिक अभिभावक गुमाएको श्रद्धाशील अनुभूतिले स्तब्ध बनाएको छ।

महाशोकको यो क्षणमा स्व.उहाँको आत्मको चीरशान्तिको निम्ति सुम्निमा-पारुहाङलाई पुकार्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। शोकसन्तप्त परिवारजन, नाता-कुटुम्ब तथा इष्टमित्रप्रति आत्मीय समवेदना व्यक्त गर्दछौं।

चन्द्रका (माया) राई
(अध्यक्ष )
किराया हङकङ।

शशि मदन राई
(कूलपति)
किराया प्रज्ञा प्रतिष्ठान हङकङ तथा
"यलम्बर" २१औं अंक प्रधान सम्पादक।

# कुलपतिको मन्तव्य



किरात राई यायोख्या हङकङले आफ्नो संस्थाको प्राज्ञिक कार्य गर्नकालागि वौद्धिक विभागको रुपमा किरात राई प्रज्ञा प्रतिष्ठान गठन गरेको करिब सात वर्ष भएको छ। यस अन्तरालमा किरायाको उद्धेश्य अनुरुप प्रतिष्ठानले धैरै कामहरु गरेको छ। यसभित्र विभिन्न क्षेत्रमा ज्ञान भएका किरात राईहरु अटाएका छन्। मुन्दुमी ज्ञान भएका कुविमी, साकेला शिली जान्ने शिलीमोमा, शिलीमोपा, स्वजातीय भाषिक व्यक्तिहरु, साहित्य, दर्शन, लेखनमा लागेका व्यक्तिहरु, खेलकुद, समाजसेवा, गीत-संगीत क्षेत्रका महानुभावहरुलगायत केहि विशिष्टता भएकाहरु किरात राई यायोक्खा हङकङले नियुक्त गरेको खण्डमा यस प्रतिष्ठानमा रहेर अ-आफ्नो योगदान दिन सक्नेछन्। विशेष गरेर किरात राईहरुको मौलिक मुन्दुम, भाषा, धर्म, संस्कार-संस्कृति, साहित्य, दर्शन आदिको संरक्षण-सम्बर्द्धन, खोज, अनुसन्धान गरि पुस्तान्तरण गर्दै जाने किरायाको लक्षलाई यस प्रतिष्ठानले महत्वपूर्ण भूमिकाकासाथ सहयोग गरेको छ।

संस्थाको विधान निर्माण गर्ने कार्य होस् ; www.kiratrai.org मार्फत सु-सुचित गर्ने कर्म होस्, दस्तावेजीकरण गर्ने कार्य होस्, प्रकाशन, लोकार्पण र वौद्धिक प्रोत्साहन गर्ने काम इत्यादि होस् यस प्रतिष्ठानले किरात राई यायोक्खा हङकङलाई शीरमा राखेर अपनत्वको ईमान नभुली आफ्नो भूमिका निर्वाह गरेको छ।

यहाँनेर, यदाकदा यस प्रतिष्ठानप्रति उठ्ने गरेका एउटा प्रश्नको उत्तर दिन यस प्रतिष्ठानको कुलपतिको हैसियतले जिम्मेवारी ठान्दछु। त्यो के हो भने बेलाबखत, यदाकदा यो प्रतिष्ठान किरात राई यायोक्खा हङकङप्रति वफादार छैन कि !? किरात राई यायोक्खा हङकङभन्दा फरक वा किरात राई यायोक्खा हङकङको विरुद्धमा खोलिएको अर्को संस्था पो हो की !? जस्ता शंकास्पद प्रश्नको मनोभाव बुझिएको छ। कृपया जो कसैले यी र यस्ता खालका विचार मनमस्तिष्कमा नराखी दिनु हुन बिन्ति विसाउँदछु। यस प्रज्ञा प्रतिष्ठानले किरायाको निर्देशन र अनुमतिबिना कुनै पनि कार्य नगर्ने कुरा राख्न चाहें | यसभित्रका पदाधिकारी तथा प्राज्ञ सदस्यहरु यस शंका/उपशंकाबाट टाढा छन् | किरात राई यायोक्खा हङकङले दिएको र किरात राई प्रज्ञा प्रतिष्ठानले तोकेको कार्यमा सबैले आहोरात्र खटेर काम गरेका छन्। जो जसले आफ्नो अमूल्य समय, ज्ञान/विज्ञानसाथै परिश्रम प्रदान गरेर प्रज्ञा प्रतिष्ठान हङकङलाई सम्हाल्नु भएको छ; सबैलाई हार्दिक आभार व्यक्त गर्दछु।

हालै किरात राई यायोक्खा हङकङको यो मुखपत्र "यलम्बर" अंक २१ मा पनि आहोरात्र नै सम्पादक परिषदमा खटिएर काम फत्ते गरेका छौं। यसपटकबाट प्रकाशन सम्बन्धि यस प्रतिष्ठान आत्मनिर्भर हुने मनसायले प्रकाशनको हरेक काम आफैं गरेका छौं। यसकालागि सम्पादक परिषदका सदस्यहरुलाई मनभरिको धन्यवाद दिन्छु। विज्ञापन/शुभकामना प्रदान गरि सहयोग पुर्याएका कम्पनी/व्यवसायिक फर्म र व्यक्ति विशेषहरु पनि धन्यवादका पात्र हुनु हुन्छ।

अन्त्यमा यस अङ्कभित्र केहि/ कहिं गल्ति -कमजोरी देखिए औंलाई दिएर सहयोग गर्न हुन पनि हार्दिक अनुरोध गर्दछु।

शशि मदन राई
कुलपति तथा प्रधान सम्पादक,
अंक २१ यलम्बर।

---

## प्रकाशन समितिः


प्रधान सम्पादक/लेआउट डिजाईनर/अर्थ व्यवस्थापकः

शशि मदन राई

सम्पादक परिषद सदस्यः

किन्दर राई
बसन्त (बिपिन) राई
बज्रकुमार थुलुङ राई

आवारण डिजाईनः

चन्द्र रानाहँछा

प्रकाशकः

किरात राई प्रज्ञा प्रतिष्ठान हङकङ।
Email: kriahongkong@gmail.com.
Web: https://www.kiratrai.org

# किरात राई यायोक्खा हङकङ

(२०२१-२०२४)

## कार्य समिति



चन्द्रका राई
(अध्यक्ष)



गजेन्द्र राई (प्रथम उपाध्यक्ष)



गंगा राम (महासचिव)



राजेन्द्र चाम्लिङ (सचिव)



शिव बान्तावा (सहसचिव)



मनि राज साम्पाङ (कोषाध्यक्ष)



दिनेश थुलुङ (सहकोषाध्यक्ष)



सानु बान्तावा (सदस्य)



पवित्र बान्तावा (सदस्य)



रामचन्द्र राई (सदस्य)



पवित्र चाम्लिङ (सदस्य)



भिम प्रसाद थुलुङ (सदस्य)



विष्णु बायुङ (सदस्य)



उर्मिला चाम्लिङ (सदस्य)



विश्व पुमा (सदस्य)

# किरात राई यायोक्खा हङकङ

**(२०२१-२०२४)**

## संरक्षक परिषद्

    

| रजिन राई (प्रमुख संरक्षक) | शशि मदन राई (संरक्षक) | नरहाङ राई (संरक्षक) | हेजेन राई (संरक्षक) | भगवान चाम्लिङ (संरक्षक) |
|---|---|---|---|---|

## सल्लाहकार समिति

    

| हरिचन्द्र राई (प्रमुख सल्लाहकार | बसन्त कुमारि राई (सल्लाहकार) | धिराज साम्पाङ (सल्लाहकार) | हित ब. कोयी (सल्लाहकार) | सुवास पुमा (सल्लाहकार) |
|---|---|---|---|---|

## भाषिक परिषद्

   

| सर्वधन चाम्लिङ (उपाध्यक्ष) | कमल दुमी (उपाध्यक्ष) | तेज साम्पाङ (उपाध्यक्ष) | दुर्गाकान्त बान्तावा (उपाध्यक्ष) |
|---|---|---|---|

   

| पेङ् पुमा (उपाध्यक्ष) | राम ली थुलुङ (उपाध्यक्ष) | प्रकाश कोयी (उपाध्यक्ष) | लोखराज बाहिङ (उपाध्यक्ष) |
|---|---|---|---|

# किरात राई प्रज्ञा प्रतिष्ठान हङकङ

(२०२१-२०२४)

## कार्य समिति



शशि मदन राई
(कुलपती)



किन्द्र राई
(उपकुलपती)



बसन्त (विपिन) राई
(महासचिव)



बजकुमार थुलुङ
(सहसचिव)



अमोद राई
(प्रबन्धक)



बिज्ञान राई
(सहप्रबन्धक)



दीपा एवाई (सदस्य)

## पदेन सदस्यहरू

## किराया हङकङका विभागहरूः

| सं. | विभाग | विभाग प्रमुख | विभाग संयोजक |
|---|---|---|---|
| १. | संगठन बिस्तार तथा समन्वय विभाग | श्री चन्द्रका राई | श्री बिजय कुमार राई |
| २. | सुम्पुलुङखिम निर्माण तथा मर्मत विभाग | श्री गजेन्द्र राई | श्री धिराज साम्पाङ |
| ३. | खेलकुद, संगीत, तथा सहित्य विभाग | श्री गंगा राम साम्पाङ | श्री राम ली थुलुङ |
| ४. | कार्यलय संचालन तथा प्रचारप्रसार विभाग | श्री राजेन्द्र चाम्लिङ | श्री पिताम्बर राई |
| ५. | मौलिक संकलन तथा सरसजावट विभाग | श्री शिब बान्तावा | श्री दुर्गाकान्त राई |
| ६. | सम्पति तथा कोष–अभिवृद्धि विभाग | श्री मनि राज साम्पाङ | श्री तेज कुमार राई |
| ७. | सुम्निमा भान्सा तथा खानपान विभाग | श्री दिनेश थुलुङ | श्री राम नारायण राई |
| ८. | सिक्रिमा बितरण तथा सेवासत्कार विभाग | श्री पबित्र (सानु) बान्तावा | श्री रुबी चाम्लिङ |
| ९. | बाल, महिला, प्रौढ तथा अतिथि विभाग | श्री पबित्र बान्तावा | (नियुक्ति गर्न बाँकी) |
| १०. | किरात धर्म संरक्षण तथा संस्कार विभाग | श्री राम चन्द्र कोयी | श्री प्रकास कोयी |
| ११. | शिली संकलन तथा संस्कृति विभाग | श्री पबित्र चाम्लिङ | श्री सर्वधन राई |
| १२. | सरसफाई तथा फोहरमैला ब्यवस्थापन विभाग | श्री भिम प्रसाद थुलुङ | श्री बिज्ञान राई |
| १३. | पारुहाङ ढुवानी तथा ओसारपसार विभाग | श्री बिष्णु वायुङ | श्री लोख राज राई |
| १४. | यातायात, रोजगार तथा ब्यावसाय विभाग | श्री उर्मिला चाम्लिङ | श्री संजिव राई |
| १५. | आपतकालिन सहयोग तथा सुरक्षा विभाग | श्री विश्व पुमा | श्री पेङगुईन पुमा |

| KIRAT RAI ASSOCIATION HONG KONG | |
|---|---|
| CALENDAR | |
| For the year 2023-2024 | |
| **Sun, 02/04/2023** | बैठकः संयोजक समिति गठन (विभाग, सांगितिक, खेलकुद) |
| **Sun, 16/04/2023** | कार्यक्रम: संयोजक नियुक्ति/पदस्थापन/विभाग प्रशिक्षण कार्यक्रम |
| **Sun, 23/04/2023** | बैठकः चूलापूजा तथा साकेला उभौली तयारी |
| **Fri, 05/05/2023** | कार्यक्रम: उभौली चुलापुजा |
| **Sun, 07/05/2023** | कार्यक्रम: साकेला उभौली |
| **Sun, 04/06/2023** | बैठक: अन्तरक्रिया/सेमिनार/वर्कशप तयारी |
| **Sun, 18/06/2023** | कार्यक्रम : अन्तरक्रिया/सेमिनार/वर्कशप |
| **Sun, 09/07/2023** | बैठक : साउनेसंक्रान्ति तयारी |
| **Sun, 23/07/2023** | कार्यक्रम : साउनेसंक्रान्ति (बाल, महिला, प्रौढ कार्यक्रम) |
| **Sun, 06/08/2023** | बैठक : अन्तिम बैठक (खेलकुद प्रतियोगिता) |
| **Sun, 20/08/2023** | कार्यक्रम : खेलकुद प्रतियोगिता |
| **Sun, 10/09/2023** | बैठक: न्वगीपुजा तयारी/उधौली बुकिङ |
| **Sun, 24/09/2023** | कार्यक्रम : तयमाखियमा दिवस |
| **Sun, 01/10/2023** | कार्यक्रम : न्वगीपुजा |
| **Sun, 15/10/2023** | बैठक : अन्तिम बैठक (सांगितितिक कार्यक्रम) |
| **Sun, 29/10/2023** | कार्यक्रम : सांगितिक कार्यक्रम |
| **Sun, 05/11/2023** | बैठक: देउसेभैलो तयारी |
| **Sun, 19/11/2023** | कार्यक्रम : देउसेभैलो |
| **Sun, 10/12/2023** | बैठकः चूलापूजा तथा साकेला उधौली तयारी |
| **Tue, 26/12/2023** | कार्यक्रम : उधौली चुलापुजा |
| **Sun, 31/12/2023** | कार्यक्रम : साकेला उधौली |
| **Sun, 07/01/2024** | बैठक : किरात सांस्कृतिक मेला तयारी |
| **Sun, 21/01/2024** | कार्यक्रम : किरात सांस्कृतिक मेला |
| **Sun, 04/02/2024** | बैठक: अन्तरक्रिया/सेमिनार/वर्कशप/उभौली बुकिङ तयारी/ स्मारिका प्रकाशन |
| **Sun, 25/02/2024** | कार्यक्रम : अन्तरक्रिया/सेमिनार/वर्कशप |
| **Sun, 10/03/2024** | बैठक: साधारणसभा/अधिवेशन तयारी |
| **Sun, 17/03/2024** | बैठक: अनुमोदन बैठक |
| **Sun, 24/03/2024** | कार्यक्रम : साधारणसभा/अधिवेशन |

**बिषय सूची:**


१. किरात राई जातिले अन्तरजातीय विवाह गरे चूलामा हुल्नु उचित कि अनुचित ? तपाईंको अभिमत . . . . . . १५

२. अन्तरजातीय विवाहप्रति स्व. किसनको वैचारिक आत्म – बज्रकुमार थुलुङ राई . . . . . . १७

३. चूलामा अन्तरजातीय विवाहको हाउगुजी – प्रगति राई . . . . . . १९

४. सुप्तुलुङमा उभिएर – सचित राई . . . . . . २३

५. जातिमा प्रचलित विवाह संस्कारको प्रारुप र स्वरुप – डा. भक्त राई . . . . . . २७

६. विश्वमा अन्तरजातीय विवाह एक प्रसङ – बद्रीप्रसाद ढकाल . . . . . . ३१

७. हङकङमा किरात राई जातिको बसोबास र अन्तरजातीय विवाह प्रसङ्ग – दिपा एवाई . . . . . . ३५

८. किरात राईको विवाह र बदलिंदो आयामहरु – बसन्त (बिपिन) राई . . . . . . ३७

९. किरात राई भाषाहरुको अभिलेखनमा किरात सिरिजङ्गा लिपि प्रयोग – गणेश वाम्बुले राई र तीर्थराज मुकारुङ राई . . . . . . ३९

१०. किरायाको इतिहासलेखनमा लेखकको अभिव्यक्ति – नरजीत राई . . . . . . ४५

११. सांगठनिक प्रतिवेदन २०२३ – राजेन्द्र कुमार राई . . . . . . ४९


## किरात राई यायोक्खा हङकङका सेवाहरु:

- गर्भ संस्कार
- जन्म संस्कार
- न्वारान संस्कार
- पास्नी संस्कार
- छेवर/गन्यूचोलो
- विवाह संस्कार
- मृत्यु संस्कार


GURKHA STORE
SINCE 1998
तपाईहरुको आफ्नै पसल।
बिभिन्न नेपाली तथा दक्षिण एसीयाली खाद्य पदार्थहरु साथै अन्य आवश्यकीय सामग्रीहरु उपलब्ध छ।
REMEMBER US FOR NEPALESE AND SOUTH ASIAN PRODUCTS
BRINGING YOU A STEP CLOSER TO NEPAL
BLUE STAR EXPRESS
हामी तपाईहरुको गन्तब्यमा
पार्सल तथा कार्गो सेवा तोकिएको समयमा पुर्याउनेछौँ।
WE ENSURE TIMELY DELIVERY OF YOUR PARCEL TO YOUR LOVED ONES.
JORDAN BRANCH
SHOP 14, G/F, BLOCK A, UNITED MANSION, 37G JORDAN ROAD, YAU MA TEI, HONG KONG
TEL: 2384 8200
YUEN LONG BRANCH
SHOP NO.10, 1/F, YU KING SQUARE, 8 TAI TONG ROAD YUEN LONG, NT
TEL: 2476 1474
TUNG CHUNG BRANCH
MT 11, G/F, JOYSMARK, CHUNG MUN ROAD, MUN TUNG ESTATE, TUNG CHUNG, LANTAU, NT
TEL: 9705 8912

## किरात राई जातिले अन्तरजातीय विवाह गरे चूलामा हुल्नु उचित कि अनुचित ?

### तपाईंको अभिमतः



☞उचित नै हुन्छ किनकी समयसापेक्ष चल्नु पर्छ। -कमल दुमी राई



☞हाम्रो पितृहरूले जे चलन परम्परा चलाई आएका छन् त्यसैलाई निरन्तरता दिनु हाम्रो परम कर्तव्य हो। चल्ने जातलाई हाल्ने, नचल्ने जात ल्याए बरू ल्याउनेलाई नै चुलाबाट निकाली दिने। -प्रभात राई



☞ मेरो विचारमा अन्तरजातीय विवाह गरे चूलामा हुल्नु पर्छ भन्ने मान्यता राख्छु। -जजिन चाम्लिङ राई



☞हामी आफ्नो संस्कार- संस्कृति बचाउनु पर्छ भन्ने अनि हाम्रो नयाँ जेनेरेशानाहरुलाई हाम्रो संस्कार -संस्कृतिको कुरा सिकाउनु पर्छ भन्ने अनि हाम्रो चूलोमा अन्तरजातीय विवाह गरेर हुल्नु /नमिल्ने भनेर कुरा उठाउनु नै उचित हो कि अनुचित हो ? -इमानशेर राई



☞ किरात राईहरूमा अन्य जातबाट आएको बुहरीलाई चुलामा नहाल्दा पनि कर्म चल्छ। नव दुलहीले त्यो अपेक्षा गरेको पनि हुँदैन। तर चूला चौकामा पसेर खाना पकाउनको लागि वन्देज फुकाउने चलन रहेछ। एउटा तरिका चाहिं केटा पक्षको कोहि एक वीर-कुटुम्बलाई दुलहीको माईती बनाएर उनीहरूकै पाछा दिएर चुलामा दुलहीको हातले ढिंडो र दाल पकाउन लगाएर उपस्थित सबैलाई खुवाएर कार्य सम्पन्न गरिंदो रहेछ। यसकालागि दुबै पक्षको भद्र भलादमी बसेर लेखापढी समेत गर्ने चलन रहेछ। -किन्दर राई



☞मेरो बिचारमा अलिक गम्भीर बिषय परेको हुनाले यस कुराको निर्क्योलमा पुग्नलाई हतारो नगरौं। हङकङमा जुन हाम्रो पुस्ता छ यो पुस्तासम्म आई पुग्दा हामीलाई यो बिषयले खासै समस्या पारे जस्तो लाग्दैन। पछि हाम्रो छोराछोरी नातीसम्म आई पुग्दा के हुन्छ ? भन्न सकिन्न उनीहरुले यायोक्खा र चूलालाई यसरी नै राख्ला कि नराख्ला ? त्यो भविष्यले बताउने नै छ। यदि त्यस्तो समस्या आएमा हाम्रा सन्ततिहरुले यो निर्णय गर्लान्। तर अहिले नै हतार गरेर ठोस निर्णयमा पुगियो भने धेरैको मन अमिलो मात्र हैन हङकङमा राईहरु बीच वैमनुष्यता पैदा हुनेछ। हामीले यसरी हाम्रो धर्म, संस्कार, संस्कृतिलाई बाङ्गोटिङो गर्दै लाने हैन सकेसम्म जस्तो चली आएको छ त्यस्तै पुस्तान्तरण गरौं। हङकङमा हामी राईहरु जसरी मिलेर आफ्नै घर किन्न सफल भएका छौं। त्यसरी बसौं। एउटा प्राविधिक समस्या के छ भने अन्तरजातीय विवाहलाई हाम्रो मुन्धुम र धामीले स्वीकार्ने देखिंदैन। -पिताम्बर चाम्लिङ राई।



☞खासमा किरायाको सामुहिक चूला हुँदैन। आ-आफ्नो पाछागत मात्रै हुन्छ। हङकङको चूला भनेको प्रतिकात्मक मात्रै हो। यायोक्खाले हुन्छ र हुँदैन भनेर तोक दिनु हुँदैन। ,उपजातिगत अधिकार र संस्कारमा पर्छ। संस्थागत हुन्छ भनेर खुल्ला गरि दिंदा गैरजातीय विवाहलाई प्रोत्साहन हुन्छ। तसर्थ किराया चै मौन बस्दा हुन्छ। -अधिराज राई।



☞मैले बुझेको पहिले कुरो चाहिं हामी राईहरूको सामुहिक चूला हुँदैन। किनभने हामी एकै घरको दाजुभाई छुटिदा त आ-आफ्नो चूला हुन्छ। अर्थात आ-आफ्नै नामको मेचुनुङ् हुन्छ। तर प्रवास हङकङको हकमा यसलाई ठीकै हो भन्न मात्र सक्छु। बाँकी रह्यो अन्तरजातीय विवाहको कुरोमा अन्य जातीको छोरीचेली हाम्रो कुलमा आउँदा उसलाई स-सम्मान चुलोमा पस्न दिनु पर्छ भन्ने लाग्छ किनकी हाम्रो दाजुभाई को घरगृहस्ती बसाई दिनु चै पर्ने अनि चुलो चौकामा चैं किन पस्नु नहुने यो ठीक हुन सक्दैन। -हेमराज राई (मस्त जीन्दगानीमा)।



☞ अलि हतार होला कि ? यो प्रश्न राख्न अगाडि मुन्धुम सिद्धान्तको बृहत छलफल विचार विमर्श हुनु आवश्यक छ। सबैको मुन्धुम बुझाई एउटै हुनु आवश्यक छ। किरात राई समुदायको अगुवाहरूको नै बुझाई प्रष्ट नभएको झैं लागि रहेछ। प्राज्ञिक तहबाट यो काम हुन आवश्यक छ। नत्र हामी विभाजनतिर जाने छौं। -रामली राई



☞ मर्दा छक्यूक लिने या दिने गरि सम्मानपूर्वक बुहारी भित्र्याउने हो र अधिकार सम्पन्न गर्ने हो भने तीन चूलामा भित्र्याउनै पर्छ। बुहारीले किरात धर्म -संस्कार मान्छु भन्दा पनि स्वीकार नगर्नु भनेको धर्मको अर्थ नबुझ्नु र रखैाटी राख्ने जाती ठहरिन्छौं। अनि सामुहिक चूलाको अन्त्य हुन्छ। सामुहिक चूलाको विकाश हुँदैन। हामी किरात धर्मावलम्वी ठहरिनैां। किरात संस्कार मात्र मान्ने ठहरिन्छौं। राई जाती बिभाजित हुनेछ- किरात धर्मावलम्बी र किरात संस्कार मान्ने। यो किरात राईहरूको दुर्भाग्य हुनेछ। तथापि किरात राई कोयी/कोयू थरीहरूमा चाहिं खोटाङ्, भोजपुर , झापा,ईलाम र पाँचथरमा अन्तरजातीय बिवाह स्वीकार गरेको ६० बर्ष नागी सक्यो। -प्रताप कोयु राई



☞ सेवा !होउवा ! किराँतीहरुको बुहारी या ज्वाईले पूर्णरुपमा किराँती संस्कार मान्छु भन्छ भने विधि पुर्याएर  चुल्होमा हुल्दा केहि फरक पर्दैन जस्तो लाग्छ। यो समयको माग पनि हो भन्न भन्छु। -टीका कोयु राई



☞ यो विषय खासगरि महिलासङ्ग सम्बन्धित छ र उसको मौलिक प्रजनन गर्ने अधिकार माथि प्रश्न चिन्ह खडा गरिदिएको अवस्था छ यानेकी पुस्तौं बङ्स धानिदिने निरन्तर रगत जोगाइदिने माथि नै बङ्स धारिहरुको थिचाइमा आफ्नो अस्तित्व समाप्त पारिने मनुवाको रुपमा महिलालाइ स्थपित गर्न खोजिएको छ। चुला प्रथा अन्य जातिमा पनि छ र विशेष प्रबन्ध छ तर हामी किराती उदार मानिएको जाती मै अन्तर जाति विवाहलाई अपनत्व गर्न नसक्नु समय सापेक्ष हिड्न नसक्ने भन्नु उपयुक्त हुन्छ होला। -बालिका बान्तावा

---



## अन्तरजातीय बिवाहप्रति स्व. किसनको वैचारिक आत्म – बज्रकुमार थुलुङ राई

"म नेपाल पुगेर आउँछु अनि यायोख्याको बाँकी त्यो कामको छिनोफानो गरि हाल्नु पर्छ है । मेरो घरमा पनि बोलाउँला । यसो सबैलाई बोलाएर घर पैंचो जस्तो गर्नु पर्ला । …… " मसँगको अन्तिम फोनवार्ता यहि थियो स्व. किसन दाईको । यो वार्ता २७ सेप्टेम्बर २०२१ को थियो । २६ सेप्टेम्बर २०२१ मा बगैंचा रेष्टुरेण्ट एण्ड बारमा भेटेर मध्यरातसम्म गफिंदै पिएका थियौं । त्यसबखत हङकङबासी धेरै किरात राईहरु पनि थिए । त्यो जमाईमा अनौपचारिक गफगाफको विषय थियो- "राईहरुले अन्तरजातीय विवाह गरे भने चूलामा हुल्ने कि नहुल्ने ?"

किराया सुप्तुलुङखिममा भएको साधारणसभामा यस विषयको उठान औपचारिक रुपमै भएको थियो । विभिन्न मत भिन्नता र समयाभावको कारणले त्योबेला यो विषयको निर्णय हुन नसकेर थाँती राखिएको थियो । हो, त्यहि विषयको छिनोफानोको कुरा गरेका थिए स्व. किसन दाईले ।




यस विषयमा अनेकन विचारहरु आएका थिए । यसैबीच किसन दाईले भन्थ्ये -"होइन हौ अनि आफ्नो श्रीमतीलाई आफ्नै घरमा चूलामा नहुल्दा अबको युगमा त अन्यायी, विभेदकारी होइन्छ नि । लु आफ्नो छोरीले पनि अर्को जातसँग विहे गरिन र यस्तै प्रकारको विभेद भयो भने त्यो न्याय हुन्छ कि हुँदैन ? हामी बीचमा जे जे विविधता भएपनि समयको माग अनुसार चाहिं केहि न केहि लचिलो हुनै पर्छ भन्ने मेरो स्पष्ट धारणा छ । …." यसरी अन्दोलित र अग्रगामी विचार राखेका थिए किसन दाईले । तार्किक स्पष्टकातासाथै कार्यान्वयनकालागि कुनै पनि बिषय टेबल गरि हाल्ने उनको बानीबाट कोहि अनविज्ञ थिएनन् । कुनै यस्तै प्रसङ्गमा हल्का मज्जाकको रुपमा कतिले किसन दाईकै अघि भन्थ्ये -"तपाई राईको टाउकेहरु सबैले अरु जाती विहे गर्नु भाको छ । तपाईको मगर्नी ,हेजेनको शेर्पेनी ,शशिको लिम्बुनी …अनि हुल्नै पर्यो नि चूलामा ।" किसन दाई प्राय: नमुस्कुराउने मान्छे यस्ता कुरा सुनें पछि हल्का मुस्कुराउँदै भन्थ्ये -"मेरो शोभाले त उहिलेबाट चूला छोएको, कुनै बन्देज छैन मेरोमा ।" हाम्रो सुप्तुलुङखिममा पनि त शोभा, चिमी, बिमलाले काम गरेकै हो । समय, ठाउँ, परिस्थिति र अवस्था अनुसार केहि न केहि थपघट गरेर चल्नै पर्दो रहेछ । मेरो अनुभव हङकङमा यहि हो । बाँकि तपाईहरुको राय-विचार ।" यहि र यस्तै स्पष्टताको परिचय थिए- किसन दाई ।



साँच्ची नै "किरात राई जातिको अन्तरजातीय विवाह र चूला प्रावधान…" कठीन विषय हो । राईहरु आफैंमा भाषिक र सांस्कृतिक विविधतायुक्त जाति भएकाले पनि चूला र संस्कारप्रति कुनै पनि सामुहिक निर्णय गर्नु सजिलो हुँदैन । आ-आफ्नो संस्कार-संस्कृति सबैलाई प्यारो लाग्छ नै । र, लाग्नु पनि पर्छ । त्यो अस्वभाविक पनि होइन । बरु आमाबाउबिनाको मान्छे भेटिन्छ । तर, संस्कार-संस्कृति, धर्म, भाषा, साहित्य, दर्शन बिनाको मान्छे शायदै भेटिन्छ । मान्छे जन्मेपछि कुनै न कुनै धर्मको अनुशरण गर्छ । भाषा बोल्छ । धर्म-संस्कार र शास्त्रको आडमा जन्मदेखि मृत्युसम्मको काम/कारवाही गर्छ। मान्छेलाई आफ्नो संस्कार-संस्कृति प्राण जत्तिकै प्यारो लाग्छ । उसको पहिचान पनि उसले अवलम्बन गरेका ती बिषयहरुसँग नै खुल्छ। यी र यस्ता सामान्य कुराहरु जो सुकैलाई थाहा छ । तथापि समय, काल परिस्थिति र अवस्था अनुसार केहि हल्का भएर अघि बढ्नुको विकल्प आज, भोलि या तत्कालै नहोला तर पर्सी, निकोर्सी अवश्य केहि न केहि परिवर्तन हुनु निर्विकल्प छ । त्यसो भए भोलि, पर्सी, निकोर्सीको निर्विकल्प परिवर्तनलाई आजैबाट किन नसोच्ने ?

अन्तरजातीय विवाह मात्रै होइन । अब त अन्तर्राष्ट्रिय विवाहको चाप पनि बढ्दो छ । जसको प्रभावले जातीय मौलिक संस्कार-संस्कृति

जोगाउन कठीन अवस्था सृजना हुँदैछ। केवल एकको प्रयासले मात्रै संस्कार-संस्कृतिको संरक्षण हुन सक्दैन । त्योमाथि पुस्तान्तरणको विषय, अग्रजले सिकाउने र पुस्ताले सिक्ने अवस्था फरक हुँदै जान्छ। अबको युग कसैले कसैलाई रोकेर/छेकेर केहि हुनेवाला छैन। मान्छेहरु स्ववादी हुने क्रम उसको स्वतन्त्रताको कुरा हो। उसले जे सोच्छ त्यहि गर्छ। ऊ आफ्नो स्वविवेक अनुसार चल्छ। यदि रोक्छ / छेक्छ भने उसको संस्कार-संस्कृतिले रोक्छ/छेक्छ । तर त्यो संस्कार-संस्कृति उसको मनमस्तिष्क हुनु पर्यो । आज दुनियाँ आफ्नो सांस्कृतिक पहिचानको हकबाट शक्तिशाली बन्न द्रव्यशक्ति र मस्तिष्क शक्तिलाई प्रयोग गर्दै अघि बढी रहेका छन्। उनीहरु समयको पदचाप अनुसार चलेर नै दुनियाँमा शक्तिशाली बन्दै गएका छन्। जो जो हल्का सजिलो बने। परिवर्तनशील बने। उनीहरुको प्रगतिले दिनानूदिन उचाई छुँदैछ। आज हिन्दु घट्दै जाने / कृष्टियन बढ्दै जाने क्रम भन्नोस् या कट्टर मुस्लिम देशहरुमा धार्मिक स्वतन्त्रता हल्का पारिँदै गएका अवस्था हेर्नोस्; यो विश्व परिवर्तनकै पक्षमा उभिएका छन् । यसको आशय आफ्नो संस्कार-संस्कृतिको घाँटी नै निमोठ्ने भन्ने चाहिं होइन। तर आफ्नो मौलिकताको ख्याल राख्दै केहि परिवर्तन गर्नु चाहिं संस्कार-संस्कृति पुस्तान्तरणको एक पाटो हुन सक्दछ।

यसकै एक उदाहरण हो यो कस्मेटिक शहर हङकङमा किरात राईहरुको सुप्तुलुङखिम स्थापना । यहाँ सुप्तुलुङखिम खरिद गर्ने अभियानमा पनि अनेक खाले तर्क / वितर्कहरु आए। विचार-विमर्श चल्यो । गहन वहशहरु भए । कति सकारात्मक भए / कति सधैं नकारात्मक भए। त्योबेला जे जे भए पनि आज त्यहि सुप्तुलुङखिमले हङकङबासी किरात राईहरुमा एकता र सहिष्णुता देखिएको छ। अर्को पुस्ताले सुप्तुलुङको अर्थ बुझ्ने अवशर पाएका छन्। संस्कार-संस्कृति नजिकबाट नियाल्ने ठाउँ पाएका छन् । भोलि यहि पुस्ता बीच अन्तरजातीय विवाह हुँदै जानेछ। र, अग्रजहरुले निर्विकल्प स्वीकार गर्नु पर्नेछ। यहि दुरदर्शिता थियो- स्व. किसन दाईसँग। आज किसन दाईले यो भौतिकलोक छोडेको दुई साल हुने क्रममा उहाँले सम्पादन गर्दै आएको किरायाको मुखपत्र "यलम्बर" मा उहाँको वैचारिक आत्म पस्कँदै गर्दा मन भारी भएको छ । अझै बढी त सम्पादन कार्यमा आफूलाई जिम्मेवार बनाउँदा गारो / सारो महाशुस गरेको छु।

किसन दाजे ! तपाईको आत्मको चीरशान्तिको कामना गर्दछु । हामीलाई यति धेरै कुराहरु दिएर जानु भयो। अब जिम्मेवार बन्ने काम हाम्रो हो। तपाईको वैचारिक सपना एकदिन अवश्य पुरा हुनेछ। तपाई सुप्तुलुङबाट आशिर्वाद दिई रहनु होस्। वस,धन्यवाद। यति भनेर यो आलेखको विट मारें।






# चूलामा अन्तरजातीय विवाहको हाउगुजी – प्रगति राई

'चूला' भन्नाले किरात परम्पराबाट चलेको संस्कारको उद्गम विन्दु भनेर बुझिन्छ । यसैले चूला भन्नु बित्तिकै चुलामा आस्था राख्नेहरुले रगत शुद्धतामाथि विश्वास गर्छ । इतिहासको कुनै कालमा चूला स्थापना गर्नेको वंश जुन थियो, त्यहीं वंशलाई मात्र स्वीकार्ने यसको स्वभाव रहन्छ ।

चुलाको पछाडि समुदायले अंगालेको धर्म/ईश्वर/नियम गाँसिएर आउँछ । अहिले 'चुलाको परिधि कहाँसम्म ?' भनेर बहस गर्नु अति नै आवश्यक छ। चुलाले नै किरात वंशको भावी पुस्तालाई मार्ग निर्देश गर्ने हुँदा हाम्रो पुस्ताले यस विषयमा छलफल गरेर बढ्नु भनेको अति नै वाञ्छनीय कुरा हो । हङकङेली किराती समाजले यो विषय उठान गरेर संसारका किरातहरुभन्दा एक कदम अगाडि आफ्ना चेतनालाई सारेको मान्दछु ।

संसारकै धर्म संस्कृतिले ईश्वरवाद वा आस्तिक हुन प्रेरित गर्छ । यहाँनेर के अप्ठेरो कुरा छ भने कि त नास्तिक हुन संस्कार बहिष्कार गर्नुपर्छ; कि त संस्कार मान्न आस्तिक हुनैपर्छ । 'म मेरो धर्म पनि मान्छु, ईश्वर छ भन्नेविश्वास राख्दिनँ' भन्नु 'नसुतिकन निद्रा पुर्याउँछु' भन्नु जस्तै अमिल्दो कुरा हुन्छ । यसकारण हामीले पहिले 'ईश्वर छ/ ईश्वर छैन' भन्ने कुरामा प्रष्ट हुनु पर्दछ । यहाँनेर 'किरातीले ईश्वर मान्दैन, प्रकृतिलाई मान्छ ।' भनिएला तर 'कोही अदृष्य शक्ति छ जसले हामीलाई चलायमान गराएको छ,' भन्नु पनि आस्तिक हुनु, ईश्वर मान्नु नै हो । किरातीको अदृष्य शक्ति भनेको पितृहरु हुन् । जसलाई चुलामा पुजिन्छ । पुज्नु भनेकै ईश्वरत्व मान्नु हो । यस मानेमा कोही मान्छे जीवनमा सधैं नास्तिक रहि रहन सक्दैन । उसले कहीं न कहीं कसैप्रति प्रेम गरेको हुनसक्छ । कसैले प्रेम गर्छ भनेर विश्वास लिएको हुन सक्छ ।

***चूलाले पनि किरात र आर्य अनि आर्यमा पनि उच्च र निच्च देख्न थालेको छ । ब्राह्मणहरुले सिकाएका कुरा सर्लक्क अवलम्बन गर्न थालेको अवस्था छ। यसैको उपज हो अन्तरजातीय विवाहले चूलामा ल्याएको समस्या ।***

कुनै प्रमाणविहिनको विश्वास पाल्नु नै आस्तिक हुनु हो । यसर्थ, 'ईश्वर' छ । ईश्वरले नै संसार चलाएका हुन्' भन्नेको भीडमा 'ईश्वर छैन' भन्नु ज्यानकै जोखिम मोल्नु हुनेछ । तर सत्य बुझ्न जरुरी छ कि, ईश्वर कुनै लिडर होइन । जसले मान्छेलाई तँ यो गर, तँ त्यो गर भनेर अराउने/खटाउने गर्दैन । ईश्वर त सुखद संयोग हो । व्यक्तिकालागि कुनै कुरा लाभदायक रह्यो भने त्यसलाई ईश्वरत्व मानिन्छ । नत्र त ईश्वर जपेर हिड्नेहरुको अधिनमा हुनुपर्ने हो नि । संसार देख्न नभ्याउने गरि मन्दिरअघि लाम लागेर के का प्रायश्चित गरि रहेछन् भक्तहरु ?



एकचोटि मेरै घरमा पनि यो कुरामा छलफल भएको थियो । उठान थियो कि, 'चूलामा लामो आयु बाँचेर मृत्यु भएकालाई मात्र चूलाले लिन्छ। भईपरी आएका मृत्यु/अकालको मृत्युलाई चुलाले स्वीकार्दैन' रे ! अनौंठो कुरा यो छ कि 'अकालमा मरूँ , कसलाई लाग्छ ? यदि चुलामा पितृ/अग्रजहरु हुन्छन् भने, मृत्युमा किन यसरी विभेद गर्छन् ? मरेपछि जाने त आखिर चूलामै हो । के चूला यति शासक हुन सक्छ ? न अन्तरजातीय विवाहलाई स्वीकार्छ, न त भई परी आएको मृत्युलाई नै । यस्तै हो भने चूलामा पस्न नपाएकाहरुले नयाँ पाटी खोलेर चूलाको विकल्प खोज्न सक्छन् ।

'ईश्वर छन् । यो ब्रह्माण्ड ईश्वरले चलाएका हुन्' भन्नेहरुका सामुन्ने ईश्वर छैन । यो त विज्ञानले प्रमाणित गरिसक्यो' भनियो भने विनासित्ती कुश्ती पर्न सक्छ । दार्शनिक नित्सेले 'ईश्वर छैन' भनेको शताब्दिऔं बितिसक्यो । देवकोटाले 'ईश्वर मानिसको हृदयमा बसेको हुन्छ' भनेको पनि वर्षौं बिति सक्यो । यधपि मन्दिर धाउने लाम घटेको छैन । बरु बढ्दोछ । 'उच्च/निच्चजात' भन्दै द्वन्द्व पनि कम भएको छैन ।

यो कुरा मैले किन उठाएँ भने, चुलाभन्दा कयौं पुस्ता कान्छा हिन्दु धर्मको कार्यशैलीलाई चूलाले अनुशरण गर्न लागेको अवस्था छ । चूलाले पनि किरात र आर्य अनि आर्यमा पनि उच्च र निच्च देख्न थालेको छ । ब्राह्मणहरुले सिकाएका कुरा सर्लक्क अवलम्बन गर्न थालेको अवस्था छ। यसैको उपज हो अन्तरजातीय विवाहले चूलामा ल्याएको समस्या ।

अन्तरजातीय वैवाहिक सम्बन्धमा आएका बुहारी अथवा ज्वाईलाई कुलमा प्रवेश नदिने भन्ने नै जोडबल छ अहिलेसम्म । यतिका समय बिति सक्दा पनि, यतिका बहस भई सक्दा पनि चुलालाई शुद्धताको नाममा साँघुरो परिधिमै सिमित राख्नु उचित नहोला । जसरी ब्राह्मणको संस्कारलाई सर्वव्यापी विरोधले घेरिरहेको छ त्यसैगरी स्वतन्त्र र समानताको प्रतिक भनेर चिनिने किरातीको चूला पनि भोलिको दिनमा विवादित नहोला भन्न सकिन्न ।

भखरै साउदी अरेबियाजस्तो कट्टर मुस्लीम राष्ट्रले पनि अतिवाद छाडेर समानता र स्वतन्त्रताको बाटो अँगालेको छ । त्यहाँका राजकुमार मोहम्मदबिन सलमानले अतिवादी धर्म गुरुहरुलाई निस्तेज पार्न कानुन

नै ल्याएका छन्। तर समानताका प्रतिक मानिने किरात चुला भने अझै संकिर्णतातिर गई रहेको छ । यसको ज्वलन्त उदाहरण हो गायिका मेलिना राईको अन्तरजातीय विवाहको विषयलाई लिएर विरोधमा उर्लिएका राई समुदाय। कुनै समयमा यसरी अन्तरजातीय प्रेम गरेकै आधारमा हिन्दु धर्मले आफ्नै वंशलाई अछुत बनाएर राख्यो, जसको विरोध यतिखेर संसारभर नै भइ आएकोछ। हिन्दु धर्मकै आदेश मानेर किरात समुदायले पनि छुत-अछुत मानि रहेको अवस्था छ। यतिमात्र होइन, 'मानिस समान हुन्' भन्ने चिन्तनले बाँचेका किरातहरुले पनि जात तहलाई मान्दै आइरहेका छन्। यो ज्यादै दुःखपूर्ण कथा हो।

हामीले यो बिर्सनु हुदैन कि, हाम्रो जङ्गली प्रवृत्ति शान्त भएपछि नै हाम्रो इतिहासको प्रारम्भ भयो। यसले हामीलाई प्रतिस्पर्धाको युगमा ल्यायो। जो जहाँ मिलनसार रहन सक्यो ऊ नै अस्तित्वमा रहन सक्यो। स्वअस्तित्वको लागि पनि एकात्मक बर्बरतालाई त्यागेर मिलनसार, परोपकारी, मित्रवत स्वभावको विकास गर्नु पर्दछ। एक मानिसको खुशीअर्को मानिसको सम्बन्धमा आधारित हुने भएकाले विश्वव्यापी जीवनतर्फ हाम्रो यत्न मोडिनु पर्दछ। त्यसैले धर्मको मर्म एक अर्काको खुशीकालागि एक अर्कालाई सहयोग गर्नु धर्म र संस्कारको उद्देष्य रहनु पर्दछ।

आज विश्व प्रेमको वाधक भनेकै मानिसले अँगालेको संस्कार रहेकोछ । संस्कारले मृत्युपछिको जीवनको अपेक्षा गर्ने भएकाले त्यो अदृष्य भविष्यकालागि हाम्रो वर्तमान खुम्चिरहेको छ । आफ्नो जातिबाहेकका मानिसलाई कुलपितृले स्वीकार्दैन भनि हामी त्रासमा बाँची रहेका छौं । भयले हामीलाई शासन गरि रहेको छ। वास्तवमा कुलपितृको नाममा हामीले आफ्नो दिमागभित्र राक्षस पालेर राखेका छौं, जसले आफूलाई बाहेक अरुमाथि घोर शंका गर्दछ।

***मदनकृष्ण श्रेष्ठ र यशोदा सुबेदी, शिलाबहादुरमोक्तन र कुन्ति सुन्दास, क्रिकेटर सोमपाल कामी र प्रतिभा घिमिरे, गायक यशकुमार तथा उनकाआमाबुबाजस्ता कयौं जोडि छन्, अन्तरजातीय विवाह गरेर जीवन सुखी र सम्पन्न बनाउनेहरु।***

मान्छे स्वयं बदलिन सजिलो होला तर संस्कार बदल्न अकल्पनीय कुरा हो। किन कि संस्कार भन्नु बित्तिकै बहुल भावनाको संस्था भनि स्वीकार्नु पर्दछ। सारा मानिसको भावना एकैसाथ एकै दिशातिर बग्न सक्दैन । मान्दैन । यसैले संस्कार बदल्न नसकिए तापनि यसलाई अलिअलि विनिर्माण गर्दै लैजान भने सकिन्छ। जस्तो कि चूलाको कुरा छ, जहाँ 'आफ्नै जातको मात्र भित्राउने गर्नुपर्छ,' भन्ने मान्यता छ। त्यो कुनै विज्ञान होइन, अग्रजले मानि ल्याएको चलन मात्र हो। चलन समय अनुसार मोड्न सकिने रिती पनि हो। यसैले चुला एउटा मात्र हुँदैन। त्यहाँ, मूल चुला, वंश चुला र रमिपमी चुला गरी तीनथरी समाजको चुला रहेको हुन्छ। यसलेगर्दा किरातमूलको जातिलाई वंश चुलामा, र गैर किरातमूलका मानिसलाई रमिपमी चुलामा राख्न सकिने उपायछ। तर आजसम्म राईले राईलाई मात्र वंश मानेर अरु जाति नाता बनेर आएको खण्डमा चुलामै नराख्ने चलनरहि आएको छ। जीवनभर परिवारै भएर बाँचेका मान्छेलाई मृत्युपर्यन्त कहाँ राख्ने ? भन्ने भयले हामीलाई लखेटेकै कारण चुलाको सामुन्ने अन्तरजातीय सम्बन्ध हाउगुजी भएर सल्बल्लाई रहेछ। जसले वर्तमानलाई विश्वास गर्छ, उसले नै हो प्रायः प्रेमलाई स्वतन्त्रपूर्वक लिन दिने। अन्य देशको के कुरा गर्नु, नेपालमै अनेकन उदारहणीय अन्तरजातीय जोडीहरु छन्।

मदनकृष्ण श्रेष्ठ र यशोदा सुबेदी, शिला बहादुर मोक्तन र कुन्ति सुन्दास, क्रिकेटर सोमपाल कामी र प्रतिभा घिमिरे, गायक यशकुमार तथा उनका आमाबुबा जस्ता कयौं जोडी छन्, अन्तरजातीय विवाह गरेर जीवन सुखी र सम्पन्न बनाउनेहरु। दुर्भाग्यवश, रुकुमका नवराज बिकले भने प्रेमको नाममा ज्यान गुमाउनु पर्यो। गायिका मेलिना राईले वैवाहिक सम्बन्ध नैतोड्नु पर्यो। आखिर केकालागि यी सब तिगडम भई रहेकोछ भने यही मृत्युपर्यन्त बास पाइन्न भन्ने त्रासले समाज वर्तमानमा बहुलाई रहेका छन्। अर्को अनौठो कुरो त झन के छ भने, हिन्दू धर्मले बनाएको अछुतलाई किरातले पनि अछुत मान्दछ। 'धर्मको नियममा नबसेको' भनि किरात समुदायमा पनि अछुत बनाउने चलन छ। जस्तो कि, कसैले हाड नाता विवाहगरेमा, करणी गरेमा वा चोरीचकारी गरेमा उसलाई वंशबाट अलग राखिन्छ। र, त्यो मान्छे आफन्तको अपमान सहन नसकी कि डाँडा काटेर जान्छ, कि त थेत्तरो भएर अपहेलना सहँदै नाजुक स्थितिमा त्यही समाजमा बस्छ। यहाँ प्रष्ट्याउन खोजेको कुरा के हो भने, किरातीहरुमा जुन वंशले अछुत बनाएको हो, तिनैका लागि मात्र अछुत बन्छ । तर हिन्दु धर्मले अछुत बनाएका दलित समुदायलाई बिनाकारण किरातीले पनि अछुत मान्छ, त्यो हाँस्यास्पद कुरा छ।

'अजातसँग गए पनि किन कामीदमैसँगै जानु ? बरु क्षेत्रीबाहुनसँग जानु नी,' जस्ता शब्दप्रायः हर व्यक्तिले बोलि रहेका हुन्छन्। 'कामीदमाई र क्षेत्रीबाहुनमा कुनै फरक छैन, बस् ब्राह्मणले छुट्टाएकोजात मात्र हो' भन्ने कुरा किरातीले बुझ्नु आवश्यक छ। झन्, त्यस्तो समुदायको मानिससँग विवाह गर्न पुगेका प्रेमीले त मृत्युवरण गर्नुपर्ने अवस्था छ। जसकोप्रतिनिधि पात्र रुकुमका नवराज विकलाई हेर्न सकिन्छ। फेरि त्यस्तै दलित परिवारका जवान सोमपाल कामीसँग प्रतिभा घिमिरेको वैवाहिक जीवनले भने सम्मान पाएकै छ। अमेरिकाको पासपोर्ट हुनेसँग त झन बाहुनहरुले दलितसँग आगनमा यज्ञ नै राखेर अन्तरजातीय विवाह गरेको थुप्रै जोडीहरु छन्। यसरी हेर्दा जात व्यवस्था पनि पुँजीवादको अगाडि लम्पसार परेको देखिन्छ। यसरी

विवाह गर्ने जोडीहरुले 'मरेपछि कसकामा जाने? कहाँ जाने ?' भनेर कहिल्यै प्रश्न गर्दैनन् । 'कहाँ राख्ने?' भनेर डराउने त उनेरका वरिपरीका समाज हो । 'जात मासियो, भाषा संस्कार मासियो' भनेर चिन्ता गर्ने तसमुदाय हो । जो, न आमापट्टिका न बाउपट्टिका साइनो नरहेको अंग्रेजी भाषा स्कूलमा छोराछोरी पढाइरहेकाहुन्छन् । यो थाहा पाउँदैन कि, कुनै साइनो नपर्ने भाषा र संस्कृति हामीले सिकेर किन वृहत बनायौं ? कसरी संसारलाई एउटा गाउँ जस्तो बनाएर सुविधा लिई रहेका छौं ? भन्ने कुरा भुसुक्क बिर्से जस्तो गरेर रगत शुद्धताको पाठ पढाई रहेका छन् । जतिसक्दो लुकाउँदै लगेर नै हाम्रो शरिरमा पनि गुप्ताङ्ग भन्ने चिज रह्यो ।धर्म-संस्कार त्यस्तो गुप्त चिज होइन र बनाउन हुन्न पनि ।

अन्य धर्म हिन्दु र इसाई धर्मलाई नै हेर्दा थाहा हुन्छ कि दिनानुदिन हिन्दुको संख्या घट्ने र इसाईको संख्या बढ्ने भई रहेकोछ । जब धर्मले दीनदुःखीमाथि रक्षात्मककमद चाल्दैन, एकोहोरो नियम मात्र लागू गर्छ भने त्यो धर्म अवश्य एक्लिदै जानेछ । अहिलेको अवस्थामा धैरै भन्दा धैरै मानिसहरुले इसाई धर्म अँगाल्नुको कारण नै इसाईले धर्मको ढोका खुल्ला राखेर, दुःखमा सहयोग गरेर, उसको समुदायमा अपमानित भएकालाई आफ्नामा सम्मान दिएर या गरिबलाई आर्थिक सहयोग गरेर समाजमा 'धर्मले उदार गर्छ' भन्ने अनुभूत गराई रहेछ । सिर्फ 'ईश्वर वा पितृकोआशिर्वाद कुरेर बस, अर्को जुनी सफल हुनेछ,' भनेर बस्तैन। तत्काल सहयोग गर्छ । यदि किरात धर्म-संस्कारले पनि आफूलाई उदारवादी बनाउने हो भने संस्कारको दायरा बढाउनै पर्छ । कल्चरको नाममा रक्सी खाएर, सुनले मोहोरिएर, महँगा आभूषण लगाएर मात्र संस्कार बाँच्दैन । अहिले त झन् कल्चरको नाममा यति बजारिकणभई सकेको छ कि आर्थिक स्थिति कमजोर भएकाले किरातको महान चाड साकेलालाई परैबाट हेरेर चित्त बुझाउनुपर्ने अवस्था छ ।

'कल्चर बचाऊ' को नाममा यति महँगो भई सक्यो कि सुनका गहना नलगाउने मान्छे साकेला नाँच्न गयो भने हुलमा ढँटुवारे जस्तो देखिन्छ । अन्तरजातीय विवाहमा उर्लिएर विरोध गर्ने किराती जमात बिग्रदो संस्कारबारे भने बेखबर देखिन्छ ।रगत शुद्धताकालागि शाह खान्दानले आफ्नै वंशभित्र विवाह गरे । मगरहरुले चेलीमाइतिमै विवाह गरे । तापनि आखिर उनेरको संस्कार ज्यूँका त्यूँ छ । न सम्मान छ न त विकास नै । किरातीको चुला र अन्तरजातीय विवाह पनि त्यस्तै हो । 'अरु जाति भित्राउनाले चुला बिटुलो हुन्छ,' भन्ने भय सधैं टाउकामा घुमेर बस्दछ । मैले माथि नैउल्लेख गरिसकें कि, चूला तीनवटा हुन्छ- घरमूली, वंश र रमीपमी । जसले गर्दा किरातमूललाई वंशमा र किरात इत्तरकालाई रमीपमीमा राख्न सकिने उपाय छ । किरातीले दलित र बाहुन छुटाई रहनु पर्दैन । त्यो उनीहरुकोसमस्या हो । किरातीले अँगालेर हिंड्नु मूर्खता मात्र हो । सबै आर्य हुन् । सबै गैर किरात हुन् । बाँकी, गुरुङ, मगर,तामाङ, लिम्बु किराती वंश हुन् । निश्चय नै 'राईको चुलामा राई मात्र रहनु पर्छ,' भन्नेको जमात धैरै हुन्छ । केही हदसम्म यो सत्य भए तापनि योमान्यताले चुलालाई साँगुरो परिधिभित्र बाँधेर राख्दछ । प्रेमको सिमा तोकिनु हुँदैन, धर्म-संस्कार सबै मानिसलाई मिल्ने हुनुपर्छ भन्ने मान्यतातर्फ दुनियाँ हिडि रहेको युगमा चुलालाई चोखो राख्ने नाममा राईलाई मात्र प्रवेश दिनुले किरातीहरु दुनियाँ हिडेको बाटो भन्दा ठिक उल्टो दिशामा चल्न पुग्दछ । ■








किरात राईहरुको महान चाड
साकेला उभौली २०२३ (येले सम्बत ५०८३)
को हार्दिक मंगलमय शुभकामना ।
ANS COLLECTION
MAKE A CULTURAL STATEMENT
Shop 8124, 1/F, Hop Yik Plaza
Mau Tan Street, Yuen Long, N.T.
Naina Rai/Shiva Gurung
Tel: 5402 9091; 9854 9487
यहाँ लेहंगा, साडी, कुर्ता, नेपाली सांस्कृतिक पोशाकहरु साथै सिलाई बुनाई गरिन्छ ।

## सुप्तुलुङ्मा उभिएर – सचित राई

यो आलेख तयार गर्न मैले पाएको विषय हो 'राई जाति र अन्तरजातीय विवाह। राई जातिको बारेमा म के बोलूँ र ? यो त बृहत् संसार भयो । यस विषयमा मभन्दा तपाईं बढी जानकार हुनुहुन्छ भन्ने लाग्छ । तैपनि, भाषिक विविधताबारे थोरै कुरा उप्काउँछु। त्यसपछि अन्तरजातीय विवाहमा पुगूँला।

बहुमतीय खेलको पेलानमा भाषिक विविधता राई जातिभित्र जुन भाषिक विविधता छ त्यसप्रति हामीले गर्व गर्दै आई रहेका छौं । अझै गर्छौं । गरि नै रहने छौं । किनकि, भाषा अमूल्य सम्पत्ति हो। तर, यही कुराले हामीलाई कहिले काहिं असहज बनाएको छ कि भन्ने महसुस हुने गरेको छ। भाषा आयोगले प्रदेशमा सरकारी कामकाजको भाषा सिफारिस गरेका बेलाको घटना सम्झन्छु। जुन तीतो यथार्थ बनेर मेरो मानसपटलमा बसेको छ।

प्रदेश १ मा लिम्बू र मैथिली भाषा सिफारिसमा परे । तर, राष्ट्रिय जनगणना २०६८ अनुसार ६ लाख २० हजारभन्दा बढी जनसंख्या भएको राई जातिको कुनै पनि एउटा भाषा नपर्नु विडम्बना हो । यसको मुख्य कारक हामी भाषिक हिसाबले फरक-फरक हुनु नै हो भन्ने लाग्छ । त्यसमा बहुमतको कैंची चल्यो।

सुरुमा बान्तवा भाषा सिफारिसमा पर्दै छ भन्ने सुन्नमा आएको थियो। प्रारम्भिक सिफारिस समितिमा रहेका विज्ञले बान्तवालाई पार्न प्रयास गरेको पनि मसँग बताएका थिए । उक्त समितिको दबाब पुगेन कि पछि बेवास्ता गरे ? कि त आयोगले चलखेल गऱ्यो ? या हामी नै विभाजित भयौं कि ? बान्तवा पनि परेन हामीले एकस्वर बनाउन सकेको भए बान्तवा पर्न सक्थ्यो कि भन्ने हो। त्यसमा यायोक्खा चुक्यो कि ? कि त हामी सबै चुक्यौं ? सबैले समीक्षा गर्दा भइहाल्छ । प्रदेश १ को जनसंख्याको १ प्रतिशतभन्दा बढी - राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार वक्ता संख्या भएका भाषाको सूचीमा बान्तवा सातौं स्थानमा परेको थियो । यो संख्याका हिसाबले १ लाख ३० हजार ९ सय ५८ हो भने प्रतिशतका हिसाबले २.८९ । यो भाषा बहुमतीय खेलको चपेटामा त पऱ्यो नै । यसमा अर्कोमहत्वपूर्ण पाटो रह्यो राई भाषा। सूचीमा राई भाषा १०औं नम्बरमा थियो । जसको वक्तासंख्या १ लाख २० हजार ७ सय ९१ छ। यो भनेको प्रदेशको जनसंख्याको २.६६ प्रतिशत हो।आयोगले यसलाई सांस्कृतिक पहिचानका रूपमा रहेको भाषा भनेर व्याख्या गरेको छ।



राई जातिमै बोलिने भाषा भन्नेमा दुईमत छैन। तापनि कुन भाषी हुन् भनेर आयोगले खुट्ट्याएन। यसको निर्क्योल गरेर जोडेको भए बान्तवा १४ वटा भाषाको सूचीमा चौथो नेपाली बाहेक तेस्रो नम्बरमा आउँथ्यो। त्यो भनेको २ लाख ५१ हजार नाघ्थ्यो । चौथो स्थानमा रहेको थारूको वक्तासंख्या १ लाख ७७ हजार ७ सय ८९ अर्थात् ३.९२ प्रतिशत थियो । त्यो अवस्थामा बान्तवा उकालो लागेर कामकाजको भाषा सिफारिसमा पर्थ्यो। किनभने, आयोगले कतिपय प्रदेशमा तीनवटासम्म सिफारिस गरेको छ । तर,आयोगले राई भाषाका वक्तालाई बान्तवामा कसरी थप गर्ने भन्ने प्रश्न ल्याएर पन्छायो। प्राविधिक कठिनाइ देखायो।

*आयोगका तत्कालीन अध्यक्ष डा. लवदेव अवस्थीले मसँग भनेका थिए- 'हामीले टुक्र्याएर कुन भाषा मान्ने ? भोलि विवाद हुन्छ । सजिलो उपाय भनेको अब जनगणना भइहाल्छ ।' - अन्नपूर्ण पोष्ट अंक १३५, वर्ष २०, २८ भदौ २०७८)।*

आयोगले कुनभाषीले राई भाषा लेखाए भनेर निर्क्योल गर्न तदारुकता देखाएन। मैले अन्नपूर्ण पोष्टमा समाचारलेखनका क्रममा सुरुका सिफारिस समिति, किरात राई यायोक्खा र भाषाशास्त्रीसँग कुरा गरें। उनीहरूले भनेका थिए– 'यस राई भाषाको निर्क्योल गरेर मात्रै कामकाजको भाषा सिफारिस गर्नुपर्थ्यो ।' उनीहरूले राई भाषा भनेर इलाम, झापा र उपयपुरमा बढीले खाएको पाइएको सुनाएका थिए । डा.

अवस्थीले पनिविज्ञलाई उद्धृत गर्दै जहाँ बान्तवाका वक्ता छन् त्यहाँ राई भाषाभनेर लेखाएको पाइएको सुनाएका थिए। तर, त्यसको छिनोफानो गर्ने अभिभारालाई आयोगले पन्छायो । इलामको पश्चिमी र पाँचथरको दक्षिणी भेगसँग म जानकार छुकि त्यहाँका सबै राईले बोल्ने भाषा बान्तवा हो। अधिकांशले यसलाई राई भाषा नै भन्छन् ।

जनगणनामा सजगता अपनाउन नसक्दा जाति र भाषा दुवै राई लेखाएका हुन सक्छन् । मैले झापामा पनि यस्तै अवस्था देख्छु । त्यसकारण राई भाषाको वक्तासंख्यालाई बान्तवामा जोड्नु जायज नै हुन्थ्यो । न्यायसंगत हुन्थ्यो । त्यसो नगर्ने अवस्थामा जहाँ जहाँ राई भाषा लेखाएकाछन् त्यहाँ त्यहाँ पुनः सर्वेक्षण गरेको भए भई हाल्थ्यो । वास्तविक तथ्यांक आई हाल्थ्यो । तर, आयोगले त्यसो नगर्दा राई जातिबाट कुनै पनि भाषा सिफारिसमा परेन ।

राईबाटै चाम्लिङ भाषा सूचीको १२औं नम्बरमा परेको थियो । जसको वक्तासंख्या ७५ हजार ६१ छ । यो भनेको प्रदेशभित्रको जनसंख्याको १.६६ प्रतिशत हो । राई भाषाको वक्ता संख्यालाई चाम्लिङमा थप गर्दा पनि हुन्थ्यो । त्यसो गर्दा राईको वक्तासंख्या १ लाख ९५ हजार नाघ्थ्यो । त्यो भनेको सूचीको चौथो स्थानमा रहेको थारूको वक्तासंख्या भन्दा बढी हो । त्यसअवस्थामा चाम्लिङ पनि सिफारिसमा पर्न सक्थ्यो । तर, त्यतापनि ध्यान गएन । राई जातिमा बोलिने अरू करिब दुई दर्जन भाषा त सूचीमै अटाएनन् । जसकारण हामीले भाषिक विविधताप्रति गर्व गरिरहे पनि बहुमतको जुन राजनीति छ त्यसले थिचिरहेको छ । म त राष्ट्रिय जनगणना २०७८ बाट पनि परिस्थिति त्यति बदलिने छाटकाट देख्दिनँ । जातिजाति, भाषा, धर्मको सही तथ्यांक अहिलेसम्म आउन सकेको देखिँदैन । यस सम्बन्धमा राष्ट्रिय तथ्यांक कार्यालयमा सरोकारवालाले करिब ७० वटा माग/ध्यानाकर्षणपत्र बुझाएका छन् । त्यही भएर कार्यालयले जनगणनाको नतिजा सार्वजनिक गरे पनि जातजाति, भाषा,धर्मको विवरण सार्वजनिक गर्न सकेको छैन ।

भाषा र अन्तरजातीय विवाहको कुरा म जहाँ जन्में, हुर्के र त्यहीं नै मेरो सबथोक छ, त्यो गाउँमा करिब ९९ प्रतिशत राई जातिको मात्रै बसोबास थियो र छ पनि । डाँडा-डाँडामा बजारीकरण, सहरीकरण हुँदा अरू जातजातिको पनि आगमन भएको छ । त्यहाँ राई त के अरू जातिका व्यक्ति पनि कतिपय त बान्तवा भाषा जान्दथे र बोल्थे पनि । धेरै राई-लिम्बु त एकार्काको भाषा सराबरी बोल्थे । यथार्थ के हो भने हाम्रो ठाउँमा संस्कार, संस्कृति, रीतिरिवाज एकै पाराले गर्ने हो । भाषा एउटै प्रयोग गर्ने हो । बरु भोग मेलो र जोग मेलो भन्ने चाहिँ छ । त्यो भनेको मासुमंस, जाँडरक्सीको प्रयोग गर्ने र फलफूल अर्थात् सात्विक विधि अपनाउने भन्ने हो । तर, जब म पश्चिमतिर लागें तब भाषिक विविधता नजिकबाट नियाल्न पाएँ । म सांस्कृतिक रूपमा त त्यति विविधता देख्दिनँ । भाषिक विविधताका हिसाबले राईभित्रै पनि अन्तरजातीय विवाहजस्तो हुने रहेछ । यद्यपि, मेरो अनुभव के हो भने जरा एउटै भएका कारण एकार्काको भाषा छिटो टिपि हाल्छौं । परिवारमा घुलमिल भइहाल्छौं । खासै समस्या छैन ।

लिम्बूको सन्दर्भमा पनि मैले उस्तै परिस्थिति पाएको छु । खासमा अन्तरजातीय विवाहका फाइदा र बेफाइदा दुवै पाटा होलान् । तर, भाषिक दृष्टिले फाइदाभन्दा बढी बेफाइदा नै देखिन्छ । किनभने, कसैले अन्तरजातीय विवाह गरेछ भने परिवारमा भित्रिने महिलाले भाषा, संस्कार, संस्कृति सिक्न त सक्छिन् तर समय लाग्छ । आफूले सिकेर सन्तानलाई सिकाउन पनि समय लाग्छ नै । त्यो पनि सामूहिक परिवारमा हो भने त सम्भव छ । किनभने, परिवारका सबै जना मातृभाषा बोल्ने छन् भने सिक्दै जाने हो । बुझ्दै जाने हो । नत्र त अत्यन्तै गाह्रो छ । बुवाआमाले जति जुन भाषा बोल्छन् बच्चाले त्यति नै सिक्ने हो । अरू त पढेर जान्ने न हो । सूचना र प्रविधिको विकासले विश्व नै एउटा गाउँजस्तो भएका बेला तपाईं मलाई के अन्तरजातीय विवाहको बखेडा झिकेको भन्नुहोला । तपाईं आफूलाई इच्छा लागे अन्तरजातीय होइन, अन्तर्राष्ट्रिय विवाह नै गर्न सक्नुहुन्छ । तपाईंको त्यो कदमप्रति मेरो विरोध रहँदैन । मैले त अन्तरजातीय विवाहप्रति भाषिक हिसाबले दृष्टिकोण मात्रै राखेको हुँ ।

भाषा यस्तो वस्तु होजसको माध्यमले तपाईं त्यो जाति समुदायको वस्तुगत अवस्था थाहा पाउन सक्नुहुन्छ । इतिहास, सभ्यता, संस्कार, संस्कृतिदेखि यावत् पक्ष जान्न

सक्नुहुन्छ । त्यसमा लिपि जोडिएर आउँछ । भाषा, लिपि जुनसुकै जाने पनि त्यसले बेफाइदा गर्दैन । तर, नजान्दा अवश्य घाटा हुन्छ । विकसित देशका भाषाहरू हामी रोजगारीका लागि पनि सिकिरहेका छौं । कुन-कुन भाषा भन्ने तसबैलाई थाहा नै छ । ती भाषा सिक्न, सिकाउन हामी लालयित छौं । तर, हाम्रा मातृभाषाहरू लोपोन्मुख छन् । जसलाई जोगाउनुपर्ने ठूलो चुनौती छ । त्यसमा अन्तरजातीय विवाहले अर्को चुनौती थपेको छ भन्ने मेरो बुझाई हो । तपाईं आफूलाई भाषा, संस्कार, संस्कृति बचाउनुपर्छ भन्ने लागेको छ या संरक्षणमै लागि पर्नु भएको छ भने त मेरो धारणामा पक्कै विमति राख्नुहुन्न । बरु तपाईंले यसमा यति थपेर लेखेको भए हुन्थ्यो भन्नु हुनेछ । यद्यपि, विमति राख्न पनि छुट छ । किनकि, तपाईंले मभन्दा फरक सोच राख्न सक्नु हुन्छ । एकै किसिमको सोच्नु पर्छ भन्ने छैन ।

अन्तरजातीय विवाह गर्दा सुम्तुलुङ -चुलामा भित्र्याउने किन भित्र्याउने ? हाम्रो समाजका लागि अन्तरजातीय विवाह भाषिक, सांस्कृतिक दृष्टिले त्यति लाभदायक नरहे पनि म यसको विरोधी भने होइन । म त जुनसुकै जातिको महिला भए पनि परिवारको सदस्य भएर आए रोकटोक लगाउनुहुँदैन भन्ने मान्यता राख्छु । किनभने, म जातिगत विभेद, छुवाछूत नगर्ने समाजमा हुर्किएको हुँ । जुन समाजले हिन्दू वर्णाश्रम व्यवस्थाजस्तो ऊँच, नीच मानेको छैन । तर, हामी जातीय संस्कार, संस्कृति संरक्षणका नाममा अलिक जडतातिर पनि जाँदै छौं कि? जडताले हामीलाई साँघुरोघेरामा सीमित राख्छ । हाम्रो माङ पुज्ने ठाउँ अर्थात् सुम्तुलुङ - चुलामा अरू जातिका व्यक्तिलाई सहज प्रवेश गर्न नदिउँला । तर, परिवारका सदस्यले बुहारी नै बनाएर ल्याइसकेपछि त सुम्तुलुङमा रोकटोक लगाउनुले सकारात्मक सन्देश जाँदैन । हामीले हाम्रो रीतिरिवाज अनुसार सुम्तुलुङमा देखाउनुपर्छ भन्ने लाग्छ । बुहारी स्वीकार गर्ने हो भने त नयाँ सदस्यलाई चुलामा नहुलाई/नदेखाई कसरी आफ्नो कुल, वंशको भयो र ? छेकबार राखेपछि त विभेद रहिहाल्छ नि । कि त उनीहरूले अर्कै धर्म अँगालेको हुनुपर्‍यो । त्यसो हो भने कुरै सकियो । उनीहरू आफ्नो तरिकाले अघि बढ्छन् । बुहारी ल्याएपछि कुलमा त भित्र्याउनै पर्‍यो । त्यो कर्म त सुम्तुलुङमै गर्नुपर्ने होला । जति बेला हामी भन्ने गर्छौं–

*आइलो ओडा ...... चिउ छेत्कुछा ......... जाताउ आन सुम्तुलुङडा टा हिडा, माङछामी, खिरिमिचिडा, सुम्तुलुङडा खाङमुसुम याम्काउ नै, माङछाबुङ, खिरिबुङचि रिसारागा मान्मुडानिन् हा, ओडा दिवापा, दिवामाचि, ङिनको, खान्नुलो, एन्नुलो ....... यङ मेटुमको नै हा ।*

हामी चेलीलाई साइनो दिँदा यसो भन्छौं-

*...पाछाउ छेत्कुछा ...पाछा / जाताडा खाराउ याआङ आइडाङकालो ओडा सुम्तुलुङडाङका फेक खाट्याङ, खान्नुलो, एन्नुलो .......... यङ, छियामा यङडा, सिका यङडा, मेटुम खाइसुम्चुम्को नै हा ।*

मैले ८३ वर्षका आपा -बुवा भक्तबहादुर राई -जोगेन्द्र दिलसँग हतार–हतार कुराकानी गर्दा यति टिप्न भ्याएँ । जुन बान्तवा भाषामा छ । यसमा छुटफुट अवश्य छ । यहाँ चेलीलाई साइनो दिने कुरा प्रसंगवश मात्रै राखेको हुँ । सन्दर्भ त अन्तरजातीय विवाहकै हो । हामी थातथलोबाट जति बाहिर निस्किन्छौं त्यति नै अन्तरजातीय विवाहको सम्भावना बढ्दै जान्छ कि ? त्यस बेला अरू जाति/जातकालाई बुहारी स्वीकार नगर्ने त ? सुम्तुलुङमा नहुलाउनु/नदेखाउनु भनेको त औपचारिक रूपमा बुहारी स्वीकार नगर्नु नै हो । छोरोलाई यो यो जातको केटी बिहे गर्नुपर्छ भनेर बन्देज लगाउन पनि मिल्दैन । हुन त जन्म, विवाह र मृत्यु लेखिएरै आएको हुन्छ भन्छन् । लेखिएको कुरा मेट्न पनि सकिंदैन होला । ■


Fusion Kitchen
Restaurant & Bar
Nepali - Indian - Italian Cuisine
G/F, 189 Temple Street, Jordan, Kowloon. Tel: 27771244
किरात राईहरुको महान चाड
साकेला उभौली २०२३ को
हार्दिक मंगलमय शुभकामना ।
FUSION KITCHEN

# जातिमा प्रचलित विवाह संस्कारको प्रारूप र स्वरूप – डा. भक्त राई




**शोधसार:**

विवाह प्राचीन समयदेखि चल्दै आएको विशेष प्रकारको प्रचलन हो । समाजमा विवाहपछि मात्र स्त्री र पुरुषको सम्बन्धलाई सामाजिक तथा वैधानिक अनुमोदन प्राप्त हुन्छ र विवाहपछि मात्र औपचारिक र व्यवस्थित दाम्पत्य जीवनको प्रारम्भ हुन्छ । त्यसैले विवाहलाई समाजको अत्युतम, अत्यावश्यक र एवं महत्त्वपूर्ण अङ्गको रूपमा स्वीकारिएको छ । मानव समाज निरन्तर परिवर्तनशील छन् । मानवीय जीवनको एक अत्यावश्यक कृत्य भएकाले मानवीय जीवनमा आइपर्ने अनेक प्रकारको उथलपुथल रीतिरिवाजहरू समयानुकूल परिवर्तन र परिमार्जन हुँदै आएका छन् । विवाह परम्परा पनि यो प्रक्रिया र पद्धतिबाट टाढा रहन सक्दैन ।

प्रस्तुत आलेख किरात राई जातिमा प्रचलित विवाह संस्कारसम्बन्धी केन्द्रित छ । प्रस्तुत आलेखमा विवाह के हो ?, यसको प्रारम्भ र विकास कसरी भए र विवाह संस्कारले खास गरेर राई जातिको वैवाहिक परम्पराले के कस्तो प्रारूप र स्वरूप निर्माण गर्दै आएका छन् जस्ता विषयमा विवेचना गरिएका छन् ।


शब्दकुञ्जिका : पाछा, सामाई, वर्जित, अन्तरजातीय, जारी, छोपुवा, कुटुम्ब ।

## १. विषय परिचय :

संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परागत रूपमा सिक्दै र भोग्दै आएको जीवन शैली हो । सामान्यतया रीतिरिवाज, परम्परा, वेशभूषा, गीतसंगीत, खानपिन, चाडपर्व, कथागाथा, धर्मकर्म, आस्था अनुष्ठान आदिलाई मात्र संस्कृतिको रूपमा बुझ्ने गरिन्छ । भक्त राई (२०७१) का अनुसार वास्तवमा भन्ने हो भने कुनै पनि जाति, वर्ग वा समुदायले परापूर्व कालदेखि अनवरत रूपमा अवलम्बन गर्दै आएको, अङ्गगीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रूप नै संस्कृति हो । प्रस्तुत आलेख संस्कृतिभित्र पर्ने महत्त्वपूर्ण अवयव (अङ्ग) संस्कार र संस्कारभित्रको पनि महत्त्वपूर्ण घटक विवाह संस्कारका बारेमा केन्द्रित छ । प्रस्तुत आलेखभित्र विवाह के हो, यसको उद्धव, विकास र परिवर्तनहरू के–कसरी रूपान्तरण हुँदै आएका छन् । विवाह परम्पराभित्र पनि खास गरेर किरात राई जातिमा के–कस्तो वैवाहिक परम्पराको विकास भइरहेको छ ? राई जातिको विवाह परम्परामा विश्वव्यापीकरणले के–कति प्रभावित बनाएका छन् र ती कति जायज अथवा नाजायज छन् यी विषयका अनुशीलन गरिएका छन् ।

***छोपुवा विवाह (जबरजस्ती गरिने विवाह), जारी विवाह (अर्काकी श्रीमतीलाई भगाएर गरिने विवाह), जाली विवाह (केटीलाई ललाईफकाई गरेर गरिने विवाह), विधुवा विवाह (विधुवा महिलाले चलकुटुम्ब केटासँग गरिने भए), मागी विवाह (मगनी गरेर विधिपूर्वक गरिने विवाह), भागी विवाह (प्रेम गरेर भागेर गरिने विवाह)***

## २. विवाह के हो ?

विवाह भनेको महिला र पुरुषबिचको स्थायी सम्मिलन हो, जुन मिलन सामाजिक रूपमा, पारिवारिक रूपमा र वैयक्तिक रूपमा समेत सार्वजनिक भएको अवस्था हो । विवाहलाई विश्वभर नै आवश्यक, अनिवार्य र जायज रूपमा लिने गरिन्छ । विवाहपश्चात् मात्र विवाहित जोडीले यौन सम्पर्क गर्न, सन्तान जन्माउन वैधानिकता र सामाजिक अनुमोदन प्राप्त गर्दछ । "विवाह" मानव सृष्टि निर्माण र सञ्चालनको प्रमुख आधार पनि हो । वास्तवमा विवाह सन्तान उत्पादन र सृष्टि निर्माणका आधार मात्र होइन यो एक सामाजिक दायित्वबोध र सामाजिकीकरण पनि हो ।

संसारमा भएका अरबौं प्राणीहरू मध्ये विवाह केवल मानवमा मात्र हुने गर्दछ । विवाहका प्रकार ,विशेषता, साम्प्रादायिक पक्षपोषण आदि बिषयलाई यहाँ लेख्न खोजें भने धेरै लम्बिने हुँदा किरात राई जातिमा हुने विवाहका बारेमा मात्रै केहि उल्लेख गर्दछु । राई जातिमा मुख्य गरेर छ प्रकारको विवाह परम्परा पाइन्छ । भक्त राई (२०७१) अनुसार राई जातिमा छोपुवा विवाह (जबरजस्ती अपहरण गरेर गरिने विवाह), जारी विवाह (अर्काकी श्रीमतीलाई भगाएर गरिने विवाह), जाली विवाह (केटीलाई ललाईफकाई गरेर गरिने विवाह), विधुवा विवाह (विधुवा महिलाले चलकुटुम्ब केटासँग गरिने भए), मागी विवाह (मगनी गरेर विधिपूर्वक गरिने विवाह), भागी विवाह (केटा र केटी प्रेम गरेर भागेर गरिने विवाह) गरी लगभग छ प्रकारको विवाह परम्परा पाइन्छ । तर वर्तमान समयमा भने अधिकांश युवायुवतीले प्रेम विवाह गर्ने गर्दछन् ।

**३. किरात राई जातिमा प्रचलित विवाह परम्परा :**

किरात राई जातिमा हुने वैवाहिक प्रकारबारे त माथि नै छोटो चर्चा गरिएको छ । तर वर्तमान समयमा भने राई जातिमा लगभग सबैले प्रेम विवाह गर्ने र प्रेम विवाह पनि अन्तरजातीय तथा अन्तरदेशीय विवाहको प्रचलन समेत हुन थालेको देखिन्छ । यसरी मनोरञ्जन, सन्तान उत्पत्ति र वंश परम्पराको जगमा उभिएर "विवाह" परम्परा वर्तमान समयमा भने संस्कारको रूपमा स्थापित भएको छ । यसको प्रादुर्भाव, विकास र गतिलाई नियाल्दा के देखिन्छ भने विवाह संस्कारले वर्तमान समयमा आफ्नो रूप र स्वरूपलाई फरक मूल्य र मान्यताको रूपमा समेत स्थापित गरेको छ ।

किरातीभित्र पर्ने "राई" महत्त्वपूर्ण जाति हो । राई जातिभित्र विभिन्न थरीका भाषिक समुदाय पाइन्छ । साम्पाङ्ग, बान्तावा, चाम्लिङ्ग, कुलुङ्ग, थुलुङ्ग, नाछिरिङ्ग, कोयी, पुमा, आठपहरिया, लोहोरुङ्ग, खालिङ्ग, छिलिङ्ग, तिलुङ्ग, नेवाहाङ्ग, मेवाहाङ्ग, बेल्हारे, दुमी, याम्फू, वाम्बुले आदि भाषिक समुदाय राई जातिमा पाइन्छ । राईभित्र जात, थर, पाछा र सामाईको जातिगत शृङ्खला पाइन्छ । राई जातिको साइनो र वैवाहिक सम्बन्धको आधार यही जातिगत संरचना नै हो । जस्तै: एउटै जाति राईभित्र एउटै थरभित्र वैवाहिक सम्बन्ध कायम गर्न मिले पनि एउटै पाछाबीच विवाह गर्न वर्जित छ । उदाहरणका लागि चाम्लिङ्ग राईबीच विवाह गर्न मिल्छ तर चाम्लिङ्गभित्र पर्ने रानाहँछा रानाहँछा एउटै पाछाबीच भने विवाह गर्न मिल्दैन । यसरी नै साम्पाङ्ग साम्पाङ्गबीच विवाह गर्न मिल्छ तर साम्पाङ्गभित्रको भालु साम्पाङ्ग भालुसाम्पाङ्गबीच अर्थात् एउटै पाछाबीच जति पुस्ता भए पनि विवाह गर्न वर्जित मानिन्छ । यसरी हेर्दा के देखिन्छ भने राई जातिको वैवाहिक सम्बन्धको आधार जातिगत संरचना नै हो । यो प्रकारको संरचना अर्थात् जातिगत नाम र कामको आधारमा, पुरानो बसोबास क्षेत्रको आधारमा, स्वभावको आधारमा र आचरणको आधारमा निर्माण भएको देखिन्छ । त्यसो त राई जातिको मात्र होइन अधिकांश जातिको नामकरण प्राचीन थातथलो र कामका आधारमा निर्माण भएका छन् ।

किरात राई जातिमा पनि पुर्ख्यौली स्थानको आधारमा थुप्रै थर, उपथर निर्माण भएका छन् । जस्तै: खोटाङ्ग बाक्सिला दुम्देल/दुम्कीबाट "दुमी", खोटाङ्ग वासपानी सम्फालुङ्गबाट "साम्पाङ्", सोलुखुम्बु सोताङ्गबाट "सोताङ्ग" राई, खोटाङ्ग रावाखोलाबाट "रावाखोले" राई, दिल्पाबाट "दिल्पाली" राई, छिनामखुबाट "छिनामखुले" राई, दुङ्गमाबाट "दुङ्गमाली" राई आदि अधिकांश राईहरू थर तथा उपथरहरू पुर्ख्यौली स्थान, काम, गुण र स्वभावका आधारमा नामकरण भएका छन् ।

राई जातिको आदिम थातथलोका रूपमा मुख्यत: ओल्लो किरात र माझ किरात क्षेत्रलाई मानिन्छ । राईहरू आफ्नो आदिम थलोमा बसोबास गर्दा आफ्नो जातीय परम्पराअनुसार आफ्नो जातिको चलकुटुम्बसँग मात्र वैवाहिक सम्बन्ध गाँस्ने गरेको देखिन्छ । तर पछि बिस्तारै राई बाहेक किरातीभित्र पर्ने अन्य जातिहरू सुनुवार, याक्खा, लिम्बू जातिसँग पनि वैवाहिक सम्बन्ध हुन थाल्यो । सुरुसुरुमा यस प्रकारको विवाहलाई पुराना बुढापाकाहरूले अस्वीकार गरे पनि बिस्तारै स्विकार्न थाल्यो । हिजो आज त किरातीभित्र पर्ने जातजातिभित्र मागी विवाह नै हुन थालेको समेत देखिन्छ । यसरी नै बिस्तारै राईहरूको थातथलोमा अन्य जातजातिका मानिसहरू जस्तै: तामाङ्ग, शेर्पा, गुरुङ्ग, नेवार, मगर, क्षेत्री, बाहुन, कामी, दमै, सार्की, भुजेल, सन्यासी आदि जातिहरू आउन थाले भने राई जातिका मानिसहरू स्वयं पनि विभिन्न कारण आफ्ना थातथलोबाट पूर्वी पहाडी जिल्लाहरू धनकुटा, तेह्रथुम, ताप्लेजुङ्ग, इलाम, पाँचथर जिल्लाका अतिरिक्त भारतको सिक्किम, दार्जीलिङ्ग, आसाम, मेघालय, देहरादून, लखनउ, सिलोङ्ग तथा भुटानसम्म पनि फैलन पुगे । यसरी नै पूर्वी नेपालका तराईका जिल्लाहरू झापा, मोरङ्ग , सुनसरी, उदयपुर, सप्तरी, सिराहा आदि जिल्लामा समेत बसाइँसराइ गर्न पुगे । यसरी राई जातिको सम्पर्क अन्य जाति र समुदायसँग पनि हुन पुग्यो । यसरी अन्य जाति र समुदायसँग सम्पर्क, बसउठ र सामाजिकीकरण हुन थालेपछि भने नयाँ पुस्ताले ती अन्य जातिहरूसँग पनि वैवाहिक सम्बन्ध गाँस्न थाले । यसरी किरात राई जातिमा अन्तरजातीय विवाह परम्पराको प्रारम्भ हुन पुग्यो । यस प्रकारको अन्तर्जातीय वैवाहिक सम्बन्धलाई पनि पुराना पुस्ताका बुढापाकाले स्वीकार गर्न नमाने पनि पछि बिस्तारै स्विकार्न बाध्य भए । यसरी अन्तरजातीय वैवाहिक सम्बन्ध राख्ने क्रममा पछिल्लो पुस्ताका राईहरू त अझ अगाडि बढेर नेपाली समाजमा कुरीतिको

***राई जातिको सम्पर्क अन्य जाति र समुदायसँग पनि हुन पुग्यो । यसरी अन्य जाति र समुदायसँग सम्पर्क, बसउठ र सामाजिकीकरण हुन थालेपछि भने नयाँ पुस्ताले ती अन्य जातिहरूसँग पनि वैवाहिक सम्बन्ध गाँस्न थाले । यसरी किरात राई जातिमा अन्तरजातीय विवाह परम्पराको प्रारम्भ हुन पुग्यो ।***

रूपमा रहेको जातभात छुवाछुत र अछुत जातिको रूपमा रहेको कामी, दमै, सार्की, गाइने, पोडे, डोम आदि जातिसँग समेत वैवाहिक सम्बन्ध गाँस्न थाले । यसरी राई जातिमा थाहै नभइ अन्तरजातीय विवाहको प्रारम्भ र विकास हुन पुग्यो ।

किरात राई जातिका मानिसहरू रोजगारी, अध्ययन, व्यापार, तथा आप्रवासीका रूपमा भारत, मलेसिया, हङकङ , बेलायत, ब्रुनाइ, अमेरिका, क्यानाडा, जर्मन, अस्ट्रेलिया तथा खाडी मुलुकमा समेत अस्थायी तथा स्थायी रूपमा बसोबास गर्न पुगे । यसरी आफ्नो थातथलोबाट बिस्तारै बिस्तारै फैलने र बसाइँ सर्ने क्रममा वर्तमान समयमा त राईहरू विश्वभर छरिएर बसोबास गर्न थालेका छन् । यसरी विश्वभर फैलिएर बसोबास गर्ने राईहरूले अन्तरदेशीय (अन्य देशको नागरिकसँग) समेत विवाह गर्न थालेको छ । यसरी हेर्दा के देखिन्छ भने राई जातिमा मागी विवाह, प्रेम विवाह, अन्तरजातीय विवाह हुँदै अन्तरदेशीय विवाह परम्पराको समेत प्रारम्भ र विकास हुन थालेको छ । यसरी राई जातिको विवाह संस्कारको रूप र स्वरूप समय, परिस्थिति र समाजअनुसार परिवर्तित एवं परिमार्जित हुँदै आइरहेको देखिन्छन् ।

### ४.बदलिंदो संस्कृति र विवाह परम्परा :

विश्वव्यापीकरणको अवधारणा र अवलम्बनको कारण वर्तमान विश्व एउटा सानो गाउँको रूपमा रूपान्तरण भएको छ । संसारको कुनै पनि कुनाको उत्पादन, वस्तु र जानकारी क्षणभरमा संसारभर पुग्न सक्छ । विश्वका आम मानिसहरू संसारभर फैलिएर भ्रमण गर्ने, बसोबास गर्ने प्रचलन बढ्दो छ । नेपालीहरू पनि आज संसारभर फैलिएर बसोबास गर्न थालेका छन् । यसरी विश्वभर छरिएर बस्ने नेपालीहरूमा नेपालका विभिन्न जातिहरू मध्ये नेपालका रैथाने जाति राई पनि मुख्यरूपमा देखिन्छ । यसरी विश्वभर छरिएर अस्थायी तथा स्थायी रूपमा बसोबास गर्ने राईहरूले गर्ने विवाह परम्परा, पद्धति र प्रक्रियामा परिवर्तन र परिमार्जन हुनु स्वाभाविक हो । संसारको विभिन्न मुलुकमा लामो समयसम्म बसोबास गर्ने राईहरूले आफ्नो प्राचीन परम्परा अनुसारको वैवाहिक सम्बन्ध राख्नु आफ्नो जातिसँग मात्र विवाह गर्नु असम्भव नै हुन्छ फलत: उनीहरूले आफ्नो अनुकूल विवाह गर्न थालेका देखिन्छ जुन स्वाभाविक पनि हो । संसारकै कट्टर र अपरिवर्तित मानिएको मुस्लिमहरूले समेत समयसापेक्ष धार्मिक सांस्कृतिक आचरण र व्यवहारिक प्रचलनको प्रारम्भ गरिरहेको अवस्थामा प्राकृतिक चिन्तनको आधारमा उभिएको मुन्दुमी संस्कृति र सौन्दर्यचेतले परिवर्तनको वेगलाई स्वीकार नगर्ने कुरै छैन ।

हिन्दु धर्मावलम्बीहरूले पनि आफ्नो वैदिक संस्कृतिलाई समयानुकूल बदल्दै लगेको देखिन्छ । अनेकौं प्रकारको हिन्दु देवदेवीहरूको मूर्तिलाई विधिपूर्वक प्राण प्रतिष्ठा गरेर अर्थात् शास्त्रसम्मत ढङ्गले मात्र प्रतिस्थापन गर्नु पर्नेमा हाल ती देवीदेवताहरू जस्तै: गणेश, शिव, विष्णु, हनुमान, देवी आदिको मूर्तिहरूलाई घाँटीमा लकेटको रूपमा, मालाको रूपमा, हातमा घडीको रूपमा समेत लाउन थालेका छन् । यसरी नै हिन्दुहरूको प्रमुख संस्कृति दान दिने परम्पराले पनि क्रमश: आधुनिक प्रविधिमा रूपान्तरण हुँदै आएका छन् । वैदिक कालदेखि दिइने गौदान (गाई दान), क्रमश: गाईको सट्टा गाई नभई पैसा हुँदै हिजोआज त बैङ्क चेक हुँदै क्यूआर कोडमा रूपान्तरण भई सकेको छ । यसरी हिन्दु वैदिक संस्कृतिले समेत समयानुकूल बन्दै गएको छ । किराती मुन्दुमीले पनि क्रमश: आफ्नो रूप र स्वरूप बदल्दै लगेको पाइन्छ जुन स्वाभाविक नै हो ।

किराती थातथलोमा कुनै अर्को जाति राई हुन चाहेमा दश थरी राईहरू मिलेर उसलाई जात दिने प्रचलन पाइन्थ्यो । यसैगरी कुनै व्यक्तिले आफ्नै हाडनातासँग यौन सम्बन्ध वा वैवाहिक सम्बन्ध राखेमा त्यस्ता व्यक्तिलाई अर्को कुनै नयाँ पाछा दिएर डाँडा कटाउने प्रचलन पनि पाइन्थ्यो । यसरी नै पछिल्लो समयमा पनि कसैले अन्तरजातीय विवाह गरेमा पनि ती अर्की जातिको बुहारीलाई दश थरी र दश पाछाको राईहरू मिलेर सम्बन्धित जाति बनाएर चुलामा भित्र्याउन सकिने उदारता समेत राई संस्कृतिमा पाइन्छ । राई जातिको महत्त्वपूर्ण सांस्कृतिक केन्द्र चुला हो । चुला निर्माण गर्न र पूजाआजा गर्नकालागि राई भएर मात्र हुँदैन एउटै पाछाको हुनुपर्छ भन्ने प्रचलन र मान्यतालाई समयानुकूल फेर्दै हिजोआज सबै राईहरूको लागि साझा चुलाको निर्माण गरी पितृ र प्रकृति पुज्न थालेका छन् । यसको प्रारम्भ नेपालको ललितपुर हातीवनबाट भएर हङकङ, बेलायतसम्म विस्तारित भएको छ । यो क्रम अन्यत्र पनि बढ्दो छ । अझ सामुहिक चूलालाई पनि अझ समयानुकूल बनाउँदै घरघरमा बोकेर यताउता लान मिल्ने सानो चुलाको प्रारम्भ समेत भई सकेको छ । यसको प्रारम्भ सर्वप्रथम डा.भक्त राईले अर्थात् यो पङ्तिकारले २०६४ सालदेखि गरेका हुन् । हिजोआज त यसको प्रयोग व्यापक हुन थालेको देखिन्छ । यसरी समयानुकूल आफ्नो सांस्कृतिक मूल्य र मान्यतालाई रूपान्तर गर्ने उदारता मुन्दुमी परम्परामा भेटिने भएकोले राईहरूले अन्तरजातीय तथा अन्तरदेशीय वैवाहिक परम्परालाई स्वीकार्नुबाहेक अर्को विकल्प छैन । संस्कृतिले मानिस होइन मानिसले संस्कृति निर्माण गरेका हुन् । आफ्नो जीविकोपार्जन गर्ने क्रममा प्राचीन समयदेखि निर्माण, परिवर्तन, परिमार्जन हुँदै आएको राई संस्कृतिलाई यथास्थितिमै राख्नुपर्छ भन्ने मान्यता गलत, अव्यवहारिक मात्र होइन असम्भव पनि हो ।

**५. उपसंहार :**

प्राचीन समयमा हजारौं वर्षसम्म आफ्नै थातथलोमा बसोबास गर्दा किराती राई पुर्खाहरूले जेजे गर्थे, जे जे खान्थे, जे जे लाउँथे आज संसारभर फैलिएर अनेकौं मुलुकमा बसोबास गर्ने राईहरूले पनि त्यही र त्यसरी नै गर्नुपर्छ भन्ने विचार अत्यन्त अव्यावहारिक र अपरिपक्व पनि हो । विवाह परम्पराले पुरानो मूल्य र मान्यतालाई भत्काउँदै विवाह आज महिला र पुरुषले मात्र होइन पुरुष—पुरुषबिच तथा महिला—महिलाबिच अर्थात् समलिङ्गी विवाह समेत हुन थालेको अवस्था छ । यसरी नै लिभिङ् टुगेदर, अस्थायी विवाह पद्धति, टेस्ट्युव बेबी, श्रीमती / श्रीमान साटासाट जस्ता परम्पराको समेत प्रारम्भ, प्रयोग र विकास भई रहेको वर्तमान विश्वजगत्मा राईहरूले भने आफ्नै जातिसँग मात्र विवाह गर्नु, परम्परित रीतिरिवाजअनुसार बिहे गर्नु सम्भावना नै छैन । त्यसैले संसारभर बसोबास गर्ने राई जातिले पनि आफ्नो प्राचीन विवाह परम्परालाई समयानुकूल बनाउँदै लानुको विकल्प नै छैन । त्यसैले राई जातिका नयाँ पुस्ताले जुनसुकै जातिका होस् वा जुनसुकै देशका किन नहोस् विवाह गरे पनि सके आफ्नो आदिम थलोमा नसके आफू जहाँ बसोबास गरेको छ त्यहिं आफ्नो अनुकूल चुला (बोकेर यताउता सार्न मिल्ने सानो सुम्लुङ) निर्माण गरी विधिपूर्वक उक्त चुलामा भित्र्याउनु नै सांस्कृतिक संरक्षणको उचित उपाय हो अन्यथा पुरातन र अतिवादी सोचबाट राई संस्कृतिलाई माथि उठाउन सकिएन भने संसारभर छरिएर बसोबास गर्ने राईहरूले अन्य बाटो र माटो रोज्न विवश हुने देखिन्छ । ■

**सन्दर्भ ग्रन्थसूची :**


किरात साम्पाङ्ग मुद्दुम ( २०६७), काठमाडौ: किरात साम्पाङ्ग राई जुम्लेखा नेपाल ।

पन्थी, लक्ष्मीकान्त (२०७३), हिन्दु संस्कार परिचय र विमर्श, काठमाडौ: रत्न पुस्तक भण्डार ।

राई, भक्त (२०७१) किरात साम्पाङ्ग राई पहिचानमा लोकगीतको भूमिका, काठमाडौ: नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राई,भक्त (२०७०),

किरात राई संस्कृतिको सिंहावलोकन, काठमाडौ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राई, भक्त ( २०७४), पूर्वीय दर्शन, काठमाडौ: नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

श्रीस, मीन (२०७५), मगर जातिको इतिहास, हङकङ : मगर सङ्घ।








# विश्वमा अन्तरजातीय विवाह एक प्रसङ्ग – बद्रीप्रसाद ढकाल


**अध्ययनसार :**

संसारका सबै जातजाति र समुदायमा प्रचलनमा विवाह संस्कारले शरीर र मनको मिलनलाई जनाउँदछ । निश्चित बालिग उमेरपछि पुरुष र स्त्रीको शारीरिक चाहना पूरा गर्न निश्चित विधिविधान, नीति, कानुन, वा परम्पराद्वारा एक अर्कालाई साथदिन गरिने सामाजिक संस्कार नै विवाह संस्कार हो। इस्लामहरू निगाहा, इसाईहरू पवित्र विवाह, हिन्दु सनातन धर्ममा स्वयंवर विवाहजन्य प्रचलन रहेको पाइन्छ । मन्दिर, मस्जिद, चर्च वा गुम्बा तथा कानुनी विवाहका निम्ति अदालतमा समेत गरिने विवाह संस्कार संसारका कुनैपनि जात, धर्म, वर्ण , लिङ्गमा प्रचलित छ। त्यसैले यो साझा संस्कार हो । विवाहबिना जीवनको सार मानिंदैन । साथै सृष्टिको क्रमलाई निरन्तरता दिन पनि त्यत्तिकै आवश्यक ठानिन्छ । उहिल्यै देवाधिदेवको पालादेखि आजसम्म विधिसम्मत ढङ्गले सामाजिक सांस्कृतिक तथा कानुनी मान्यताका आधारमा गरिएको अन्तरदेशीय वा अन्तरजातीय विवाह विवाहलाई नै सर्वमान्य विवाह मानिएको थियो । अहिलेको समयमा कतिपय समुदायले कानूनी विवाह मात्र गर्ने र सांस्कृतिक विवाहपूर्व खासै ध्यान नदिएको पाइन्छ। आजको समाजमा अन्तरजातीय वा जातीयका आधारमा भेदभाव गरिनु उपयुक्त हुँदैन् र सजातीयलाई पूजापाठ वा पितृकार्यमा सममान अधिकार दिने तर विजातीयलाई भेदभाव गरिने गरिएको पाइन्छ तर त्यो हुनु चाहिँ भेदभाव गरिएको मानिन्छ। सबैलाई समान अवसर र व्यवहार गरिनु आजको अपरिहार्यता हो भन्ने निष्कर्ष यस लेखको रहेको छ।


***प्राचिनकालदेखि नै अन्तरजातीय विवाहको प्रचलन भएको पाइन्छ । स्रङ्चङ गोम्पु तथा भृकुटीको विवाह अन्तरजातीय विवाह भएर सम्मानपूर्व जीवन बाँचेको प्रसङ्ग छ भने विश्वविख्यात मुसलमानी राजा अकबरको हिन्दु महिलासँग भएको विवाहलाई भेदभावबिना मानेको प्रसङ्ग आएको छ।***

## १. विषय परिचय :

वंशको निरन्तरताकालागि पुरुष र स्त्रीको मिलन आवश्यक हुन्छ । वैधानिक रूपमा सम्बन्ध कायम गरी सामाजिक सुव्यवस्था, मर्यादा तथा नैतिक अनुशासन जस्ता पक्षलाई ध्यानमा राखेर सामाजिक रूपमा पुरुष र महिलाको सम्बन्ध स्थापना गर्ने संस्कार नै विवाह हो। शारीरिक मिलन वा सहवासद्वारा सन्तानोत्पादन कार्यकालागि महिला र पुरुषलाई जोड्ने संस्कारका रूपमा विवाह प्रचलनका रूपमा पाइन्छ । संसारका कुनै पनि स्थानमा बसेका मानवले आफ्नो वंश बिस्तार गर्न चाहन्छ। त्यसका लागि महिला र पुरुष अथवा भाले र पोथीबिच शारीरिक सम्पर्कद्वारा गर्भाधान हुन्छ । त्यसका लागि कानुनी र सामाजिक नीति नियम जरुरत पर्दछ। सभ्य र सुसंस्कृत मानव समाज निर्माणमा विवाहको प्रचलनले एक पति र एक पत्नीको मर्यादालाई मान्दछ। व्यक्तिगत स्वतन्त्रतालाई हेर्ने हो भने एक पटकमा एक पति वा पत्नीको मान्यता विश्वभर नै रहेको छ। संसारका सबै जातजाति र समुदायमा प्रचलनमा विवाह संस्कारले शरीर र मनको मिलनलाई जनाउँदछ । निश्चित बालिग उमेरपछि पुरुष र स्त्रीको शारीरिक चाहना पूरा गर्न निश्चित विधि विधान, नीति, कानुन, वा परम्पराद्वारा एक अर्कालाई साथदिन गरिने सामाजिक संस्कार नै विवाह संस्कार हो । इस्लामहरू निगाहा, इसाइहरू पवित्र विवाह, हिन्दू सनातन धर्ममा स्वयंवर विवाहजन्य प्रचलन रहेको पाइन्छ। मन्दिर, मस्जिद, चर्च वा गुम्बा तथा कानुनी विवाहका निम्ति अदालतमा समेत गरिने विवाह संस्कार संसारका कुनैपनि जित, धर्म, वर्ण लिङ्गमा प्रचलित छ। त्यसैले यो साझा संस्कार हो। पद्धति र प्रक्रिया फरक भएपनि सबै मानिसले आफ्नो वंशका निरन्तरताका लागि विवाह गर्दछन् र यौन समागम गर्दछन् । जसबाट सन्तान उत्पादन हुन्छ र मानव वंशको निरन्तरता हुन्छ । धार्मिक विधि र परम्परा चालचलनमा भिन्नता देखिएता पनि वैवाहिक संस्कार सम्पन्न हुने र त्यसको उद्देश्य भाले र पोथी बीचको वैधानिक शारीरिक सम्बन्ध नै हो भन्न सकिन्छ। विवाहको एउटै उद्देश्य मानव वंशको निरन्तरताको प्रक्रिया मान्न सकिन्छ । विवाह धेरै प्रकारका हुन्छन् । ती सबै उल्लेख गर्दा यो आलेख लामो हुने भएकोले आज विश्वमा चली रहेको अन्तरजातीय र अन्तरदेशीय विवाहको सन्दर्भलाई मात्रै उजागर गर्दछु ।



**२. विश्वमा अन्तरजातीय विवाह :**

विवाह एकै जात वा समुदाय वा भिन्न बिच पनि हुन्छ । आजको वैश्विक युगमा संसारलाई एक समाजका रूपमा हेरिंदा संसारका कुनै पनि स्थानका मानिस जात वा समुदायभित्र विवाह हुने गरेको पाइन्छ । प्राचिनकालदेखि नै अन्तरजातीय विवाहको प्रचलन भएको पाइन्छ । स्रङचङ गोम्पु तथा भृकुटीको विवाह अन्तरजातीय विवाह भएर सम्मानपूर्व जीवन बाँचेको प्रसङ्ग छ भने विश्वविख्यात मुसलमानी राजा अकबरको हिन्दु महिलासँग भएको विवाहलाई भेदभावबिना मानेको प्रसङ्ग आएकोछ । नेपालका राजा तथा प्रधानमन्त्रीको विदेशी महिलाहरूसँग भएको इतिहास छ । नेपाली र जापानी, अमेरिकी र भारतीय, अफ्रिकी र चिनीयाँ, नपाली र थाइबिच भएको विवाहलाई अन्तरजातीय र अन्तरदेशीय विवाह मानिन्छ । विवाह संवर्णमा मात्र होइन असंवर्णबिच पनि चलेको देखिन्छ । यसलाई अन्तर्जातीय विवाह भनिन्छ । बाहुन क्षेत्री , क्षेत्री र तामाङ, नेवार र थारु , किरात र आर्य बीच यस्तो विवाह चाहिँ अन्तरजातीय विवाह हो । विवाह उच्चवर्ग र निम्नवर्ग, उच्चजात र सामान्य जातिका बीच हुने कर्म पनि हो । विश्वका धेरै स्थानमा पुगेका विभिन्न जातका मानिसले त्यहीँ बसोबास गरेका नारीसँग विवाह गर्ने गरेका छन् त्यसलाई अन्तरदेशीय अन्तरजातीय विवाह भनिन्छ । आजकल विश्वको कुनै पनि कुनामा पुगेका मानिसले अन्तर्देशीय तथा अन्तरजातीय विवाह गर्ने गरेका छन् । पहिले राजा महाराजाका बिच मात्र प्रचलनमा भएको विवाह अहिले सबै जातजातिमा चलेको छ । समाजमा अन्तरजातीय विवाहका कुरा नचलेका होइनन् । पौराणिककालमा अन्तरजातीय विवाहको प्रचलन विकसित भएको थियो । जस्तो दक्षप्रजापतिकी छोरी सतीदेवीले शिवजीसँग अन्तरजातीय विवाह गरेकी थिइन् । छोरी सतीदेवीले बाबुको आज्ञापालन नगरेकीले उनी र उनका (शिव) श्रीमान्प्रति बाबुको दृष्टिकोण नकारात्मक रहन गयो । त्यतिबेला बाबु दक्षप्रजापतिले यज्ञ गर्दैगर्दा अचानक उनी माइतमा पुगिन् । माइतमा यस्तो भव्य यज्ञ भएको र ज्वाइँलाई नबोलाएको पीडाले सतीदेवीले त्यही यज्ञकुण्डमा आत्मदाह गरिन् । यस घटनाले समाजमा ठुलो खैलाबैला मच्चियो । यसले गर्दा शिवजी सतीदेवीको प्रेमले व्याकुल भएर उनको लास बोकेर भौंतारिए । यो प्रसङ्ग मात्र अन्तरजातीय विवाहको हो । महाभारतकालमा कुन्तीपुत्र कर्ण र व्यासपुत्र शुकदेवको जन्म पनि अन्तरजातीय सम्बन्धबाट भएको हो । अन्तरजातीय विवाहद्वारा जन्मिएका सन्तान बहुप्रतिभाशाली हुन्छन् भनिएको छ । यस विषयमा अमेरिकी प्रसिद्ध वैज्ञानिक जेम्स ड्युह वट्सन्ले आ–आफ्नै जाति र समुदायभित्र विवाह गर्ने कुराको समर्थन गरेका छन् । अन्तरजातीय विवाहबाट मिलेर बनेको समाजमा सबैसँग कुशल सम्बन्ध बनेको कुरा आजको वैश्विक समाजमा देखिन्छ । आदिम युगमा नारी आफू खुशी स्वच्छन्द यौन सम्बन्ध राख्दै हिंड्थे । त्यसरी अनेकौं पुरुषसँग सम्बन्ध राख्दा पनि अधर्म हुने पाप लाग्ने कुरा मानिंदैनथ्यो । किनभने त्यस युगमा त्यही चलन थियो । त्यसैलाई सामाजिक धर्म मानिन्थ्यो । तर समयको परिवर्तनसँगै ती प्रचलनमा सुधार हुँदै आयो । त्यसपछि धर्मले भन्दा पनि कानूनले समाज शासित हुन थाल्यो । त्यस्तै अर्को प्रसङ्ग पनि छ किरात र आर्य जातिको समन्वयबाट बनेको रुद्र जाति स्वस्थ र दीर्घजीवी हुँदै विश्वभर फैलिएको छ । प्राचीनकालमा असल सन्तानकालागि अन्तरजातीय विवाह गरिन्थ्यो साथै अहिले प्रचलनमा आएको टेस्टट्युब बेबी यसकै पछिल्लो रूप हो । यो नियोग प्रथा निसन्तान हुने अवस्थामा प्रयोग गरिने वैधानिक वैवाहिक सांस्कृतिक चलन पनि हो । यसको दूरगामी असर अन्तराजीय सम्बन्धबाट जन्मिएका सन्तानहरू बहुप्रतिभाशाली बने । त्यसैले आजकल अन्तरदेशीय तथा अन्तरजातीय विवाह निकै सबल देखिएको छ । कसैका लागि कसैका करले भन्दा पनि स्वेच्छाले गरेको काम नै महत्त्वपूर्ण र फलदायी हुने अनुसन्धानले देखाएको छ । वर्णाश्रममा अन्तरजातीय विवाह या खानपिनको निषेध छैन र यसमा कुनै जोर जबरजस्ती गर्नु पनि हुँदैनथ्यो । व्यक्तिलाई कहाँ विवाह गर्ने, कहाँ खाने बस्ने जस्ता विषयमा पूर्ण स्वतन्त्रता दिनुपर्दछ । विवाहभन्दा पनि ती व्यक्तिका बीच खानपान, रहनसहन र बसउठ मिल्नुपर्ने कुरालाई बढी जोड दिइएकोछ । अन्तर्जातीय विवाहलाई विश्वमा अब सामान्य पद्धतिका रूपमा बुझिन थालिएको छ । समाज विज्ञानका बेलायती विद्वान् मोर्गनका अनुसार समाजमा यौन जीवन अर्थात् विवाह पद्धतिको विकासले समाज विकासका चरणलाई प्रकट गर्दछ । यो सिद्धान्तलाई फ्रेडरिक एङ्गेल्सले पनि समाजमा सम्पत्तिको विकासले नै विवाह व्यवस्था र यौनसम्बन्धलाई नैतिकताको आधार प्रमाणित गरेका छन् । उक्त कुरा परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति पुस्तकमा उल्लेख गरेको पाइन्छ । तर मोर्गन र एङ्गेल्सले ऋग्वैदिक समाजको अध्ययन गर्ने अवसर पाएनन् र नै त्यो समयका कुरालाई समावेश गर्न सकेनन् होला भन्ने लाग्छ । ऋग्वैदिक युगमा सामुहिक विवाह र एकल विवाहको प्रचलन थियो । तर आज हाम्रो समाजमा तिनै वैदिककालीन अवस्थालाई आधार मानेर केही नियम कानूनमा परिमार्जन गर्दै जीवन पद्धतिलाई अझ सरल बनाएर चलाएका छन्।

***अन्तरजातीय विवाहबाट मिलेर बनेको समाजमा सबैसँग कुशल सम्बन्ध बनेको कुरा आजको वैश्विक समाजमा देखिन्छ।***

त्यही प्रचलन अनुसार नेपाली समाज हिन्दू सभ्यतामा क्रमश: रूपान्तरित हुँदै आएको हो । हिन्दू विधिअनुसार विवाहलाई करार वा सम्झौता नभई संस्कारका रूपमा मानिन्छ ।

### ३. किरात समुदायमा विवाह:

विवाहको आफ्नै संस्कृति छ । राई समुदायमा वरपक्षबाट केटी माग्न जाने चलन छ । यस प्रकार कन्या माग्न दुई जना लमी अर्थात् कन्याश्री पठाउनुपर्दछ । यिनीहरू लमी अर्थात् कन्यार्थीलाई कलिया भन्दछन् । कलियाका साथमा दुई चिन्डा रक्सी लगिएको हुन्छ । रक्सीका चिन्डाको सङ्ख्या थर विशेषको आधारमा थपघट पनि हुन सक्छ । यसरी लगिएको रक्सी कन्याका घरमा पुर्‍याएपछि कन्यापक्षलाई दिइन्छ । रक्सीका चिन्डा पाएपछि कन्यापक्षले गाउँका भलाद्मी जम्मा गर्दछन् र रक्सी बाँडदछन् । यसरी रक्सी बाँड्दा वरपक्षबाट लगिएको रक्सी बाँडेर कन्यापक्षका मानिस सबैले लिएर खाए भने केटी दिने कुरा निश्चय गरे भन्ने बुझ्नुपर्दछ । यदि त्यो आफूले लगेको रक्सी खर्च नगरी अरू नै रक्सी बाँडेर ती आफूले लगेका रक्सीका चिन्डा जस्ताको तस्तै फिर्ता गरे भने कन्या नदिने विचार गरे भन्ने बुझ्नु पर्दछ । यस प्रकार कलिया भएर जाने मानिसलाई कन्यापक्षका मानिसले नानाथरीका व्यङ्ग्यवचन प्रयोग गरेर गाली गर्ने चलन छ । कन्यापक्षका मानिसले कलियाले लगेको रक्सी नखाएसम्म जस्तै गाली गरे तापनि कुनै प्रकारको उत्तर निदई सहेर बस्नुपर्छ । अरूलाई बाँडेर आफूले पनि खाए भने त्यो कुरा सहनु पर्दैन र उत्तर दिन पनि छुट हुन्छ ।

***अहिले वैश्विक परिवेशमा अन्तरजातीय तथा अन्तरदेशीय विवाहको प्रचलन निकै बढेकाले त्यसलाई आत्मसात गरी अघि बढ्नुको विकल्प छैन नै भन्दा पनि हुन्छ ।***

राईहरू मूलत: मातृसत्तात्मक समाज जस्ता देखिए तापनि यिनमा पितृसत्ताको पनि कम प्रभाव छैन । त्यसैकारण राईमा विवाह गर्दा आमातर्फका पाँच पुस्ता र बाबुतर्फका सात पुस्ता जोगाएर गरिन्छ । कुनै कुनै राईमा यसभन्दा कम पुस्ता जोगाएर वैवाहिक सम्बन्ध गर्ने पनि चलन नपाइने होइन । यस प्रकार गरिएको विवाहमा पितृपक्षलाई महत्त्व नदी हाडफोरा र मातृपक्षलाई महत्त्व नदिए दूधफोरा भनिन्छ । यस्तो हाडफोरा र दूधफोरा भनिने वैवाहिक सम्बन्ध ज्यादै कम उपसमूहमा पाइन्थ्यो र त्यो पनि एक प्रकार स्वीकृत नै मानिन्थ्यो । चोरी विवाह वा राक्षस विवाह र गान्धर्व विवाह पनि यिनीहरूमा स्वीकृत छ । भाउजू विधवा छ भने र मन मिलेका खण्डमा त्यस्ती भाउजू लगेमा राई समाजमा बात कसुर लाग्दैनथ्यो । राई जातिमा जारी विवाह पनि चलेको देखिन्थ्यो । तर अहिले ती पुराना चलन छैनन् । यी राई, लिम्बू, गुरुङ, तामाङ र तराईमा बसोबास गर्ने यादव, सिंह, राजवंशी, धिमाल, ताजपुरिया जस्ता जातिले पनि आफ्नो पुरानो वैवाहिक संस्कृतिलाई परिमार्जन गर्दै ल्याएका छन् । मामाचेला फुपूचेलामा गर्नु पनि मातृ सत्तात्मक प्रथाको एउटा अवशेष हो । यो चलन नेपालमा मात्र होइन विश्वका अन्य मुलुकमा पनि पाइन्छ । बौद्ध साहित्यमा वर्णन गरे अनुसार गौतम बुद्धका पूर्वज शाक्यहरू सहोदर दाजु बहिनीको रक्त मिश्रणबाट जन्मिएका सन्तान हुन् ।

### ४. निष्कर्ष:

आजको समाजमा अन्तरजातीय वा जातीयताका आधारमा भेदभाव गरिनु उपयुक्त हुँदैन र सजातीयलाई पूजापाठ वा पितृकार्यमा सम्मान अधिकार दिने तर विजातीयलाई भेदभाव गरिने गरिएको पाइन्छ। त्यो हुनु चाहिँ भेदभाव गरिएको मानिन्छ । सबैलाई समान अवसर र व्यवहार गरिनु आजको अपरिहार्यता हो । विवाह एक अपरिहार्य सामाजिक साथै पारिवारिक विषय भएको हुनाले यसलाई निरन्तरता दिंदा बिना भेदभाव स्विकार गर्नु हामी सबैको कर्तव्य हुन आउँछ । विवाह पद्धतिलाई रसेलले तीन कुराको आधार मानेका छन् । मूल प्रवृत्ति, जीवनको आर्थिक पक्ष र धार्मिक दृष्टि । संसारका सबै स्थानमा विवाहलाई एकै किसिमले हेरिंदैन । विवाह यस्तो पद्धति हो जसले जीवनलाई निरन्तरता दिने काम गर्छ, यसका अनेक रूप रङ छन्: जसले जे मान्यो त्यही सत्य हुन जान्छ । निश्चित, नियम कानून भए पनि आफ्नो समाजमा वा विश्वको परिवेशअनुसार जे अनुकूल छ त्यसैलाई मान्नुपर्दछ र त्यसै अनुसार सामाजिक प्रचलन बनाउनु पर्दछ । अहिले वैश्विक परिवेशमा अन्तरजातीय तथा अन्तरदेशीय विवाहको प्रचलन निकै बढेकाले त्यसलाई आत्मसात गरी अघि बढ्नुको विकल्प छैन नै भन्दा पनि हुन्छ ।■

किरात राईहरूबारे थाहापाउन www.kiratrai.org सदैव हेर्नुहोला ।


DRAGON SUPERMARKET HONG KONG 香港龍運超級市場
56-c Yenchow street Sham Shui Po
Nepali, Indian, Pakistani & Bangladeshi Products
6538 8633
56-C, G/F, Yen Chow Street, Sham Shui Po, Kowloon.
किरात राईहरुको महान चाड
साकेला उभौली २०२३ को
हार्दिक मंगलमय शुभकामना ।
LIMBU, Tek Bahadur
Proprietor
6538 8633
6976 1565, 6050 2789
@ limbutek61@yahoo.com
56-C, G/F, Yen Chow Street
Sham Shui Po, Kowloon
Dragon Supermarket Hong Kong
ड्रागन सुपर्मार्केट हङकङ

## हङकङमा किरात राई जातिको बसोबास र अन्तरजातीय विवाह प्रसङ्ग – दिपा एवाई

सन् १९९७ जुलाई १ तारिखको मध्यराति ब्रिटेनले एक सय छपन्न वर्षको क्षेत्रीय उपनिवेश शासनपछि हङकङ छोडेको ऐतिहासिक घडी हो । केही महत्वपूर्ण भावी सर्तहरू चीनले पालना गर्नुपर्ने सम्झौतापत्रमा हस्ताक्षर गरेर हङकङलाई ब्रिटेनले हस्तान्तरण गरेको थियो । त्यो सर्त अनुसार हङकङमा नेपाली ब्रिटिश सैनिकका परिवारलाई बसोबास गर्ने विशेष सुविधा प्राप्त भएको हो । तदानुसार हङकङमा जन्मेका ब्रिटिश सैनिकका सन्तानले जन्मसिद्ध अधिकारको नेपाली मूलका बाबुआमाबाट जन्मेका छोराछोरीहरूले सन् १९९२ बाट नै हङकङमा बसोबास गर्न पाएका हुन् ।

आज हामी हङकङमा बस्ने नेपाली मध्ये ९८ प्रतिशत ब्रिटिश गोर्खा भू.पू. सैनिकका सन्तानहरू रहेका छौं । ब्रिटिश सैनिक कार्यरत गोर्खाली सैनिकहरुमा विशेष गरेर राई, लिम्बू, गुरुङ, मगर, तामाङ आदि किराती समुदायका आदिवासी जनजातिहरू हुन् । यिनीहरूको आ–आफ्नो मौलिक भाषा, संस्कार, संस्कृति, धर्म, कर्मकाण्डहरु छन् । जस मध्ये मैले हङकङमा रहेका किरात राई जातिको अन्तरजातीय विवाहको प्रसङ्गमा आफ्नो व्यक्तिगत धारणा राख्न गई रहेकी छु ।

विशेष गरेर नेपालको पुर्वी पहाडी भेकमा बसोबास गर्ने यी किरात राई जातिको भाषा मात्र ३२ वटा भएकोले हामी यो अनुमान लगाउन सक्छौ कि यी जातिहरू संस्कृतिक रुपमा मात्र होईन भाषीक रुपले पनि धनी रहेछन् । तर कालान्तरमा भएको विभिन्न प्रकृति प्रकोप, युद्ध र बसाई सराई र काम व्यवसायको कारणले अहिले नेपालको पुर्व पश्चिम देखि उत्तर दक्षिणका विभिन्न भागभरि मात्र छरपस्ट नभएर विश्वभरि नै यी किरात राई जातिको बसोबास रहन गएको देखिन्छ । हङकङमा रहेका किरात राईहरूको आगमन र बसोबासको प्रसङ्गमा थोरबहुत फरक देखिए तापनि यसको मुल गोर्खा भर्तीपछि नै भएको देखिन्छ । यसरी र किरात राईहरुको हङकङमा बसोबासको क्रम लगभग दुई सय बर्ष नै पुगी सकेको छ । यस क्रममा सन् १९९८ जनवरी २८ तारीकका दिन किरात राई यायोक्खाको स्थापना भएको हामी पाउँछौं । जसको उद्धेश्य हङकङमा रहेका किरात राईहरुकालागि सरसहयोग र उत्थान नै प्रमुख रहेको छ । विदेशीभुमीमा फरक संस्कार, संस्कृति र भाषा बिच रहेर किरात राई यायोक्खाले आउने किरात राईका नयाँ पुस्तालाई आफ्नो एकबद्धतामा कायम राख्न मात्र नभएर विश्वमा लोपोन्मुख भई रहेको वर्गमा परेका किरात राई आदीबासी जनजातिका आफ्ना भाषा संस्कार र संस्कृतिलाई जगेडा गर्ने तर्फको ध्यान पनि देखिन्छ । तथापि आजको संसार हिजोको जस्तो सिमित भौगोलिक घेराबाट बाहिरिंदै गएको अर्को तथ्य हाम्रो सामु स्पष्ट छ।



हामीले नै भोगी रहेको टेक्नोलोजी, विधुतीय उपकरणको प्रचुर योगदानले हिजोको मान्यताहरु भत्की रहेको देखिन्छ । यस्तो अवस्थाले एउटा मानिसको परिवारीक वातावरण मात्र नभएर सामाजीक वातावरणमा पनि असर पारी रहेको छ जस्तो कि मित्रता र सम्बधको ढोकाहरु सबैतिर सबै वर्गमा खुल्ला भएर सोच र विचारमा पनि परिवर्तन आई रहेको देखिन्छ । त्यसमा पनि विवाह जस्तो कुरामा एकल जाति र वर्गको मात्र पारस्पारीक हुने सम्झौता अहिले भत्की रहेको छ । यस किसिमको परिवर्तनको असर यहाँ रहेका नेपालीहरुमा पनि देखिन्न थालेका छन् ।

विशेष अन्तरजातीय विवाहको मामलामा विगत नजिकैका केही वर्ष यताबाट किरात राई यायोक्खा हङकङमा धेरै किसिमका कुराहरु भइरहेको थियो । किनभने राईहरुले पनि हिन्दु धर्ममा जस्तो अन्तर जातिय बुहारीलाई चुलामा पस्न दिदैन । हङकङमा पनि किरात राईहरुको विवाह सम्बन्धीको प्रचलनमा आएको एक किरात राईहरुका अन्य राई जातिय विवाह प्रथाहरु भत्कदै गई रहेको अवस्था र चुलोमा अन्तर जातिय विशेष बेहुलीलाई पस्न दिने नदिने विवाद थियो । त्यसो त यो विवाद मेरो बाजेको पालामा पनि भएको अहिले सम्झन्छु ।

हुनत राई जातिको आ-आफ्नो घरमा पितृ पुज्न तीन ढुंगाले बनेको चुलो हुन्छ; जहाँ पितृ पुजादेखि विवाह सम्मको कार्य सम्पन्न गरीन्छ । यसरी राईहरुले सामुहिक चुलो पुज्ने कुराको विल्कुल नयाँ प्रचलन भएको प्रति पक्ष विपक्ष रहे पनि यो विदेशी भुमिमा किरात राई जातिको एकताको प्रमुख मध्यम बन्यो खिम । र, सबैले स्वीकार गर्दै लगे पनि अन्तर जातीय विवाह सम्पन्न कार्यमा खिम भित्र भने स्विर्कान सकि रहेको थिएन ।

विवाह हामीले बनाएको एउटा यस्तो संस्कार हो जसले परिवार विस्तारको मात्र नभएर समाजमा मित्रता एवं सुमुधुर सुसम्बन्धको परिकल्पना गर्छ । यस्तो पवित्र मानिने विवाहलाई पछिल्लो समय पुराण, उपनिषेद जस्त विभिन्न धर्म ग्रन्थ हुँदै राजनितीक शक्ति आर्जनको रुपमा परिणत गर्दै वर्गभेद गरीएको देखिन्छ । धेरै समय नेपालमा पनि हिन्दु धर्मको वर्ण आश्रमको प्रचलित भएको थियो

जसले अन्य जातिमा अरु विभेद शुरु गर्यो । किरात धर्मलम्बीहरु प्रकृतिपूजक भएपनि उनीहरु हिन्दु धर्मबाट प्रभावित हुदै आएको आज हामी देख्छौ ।

किरात राई जातिमा चुलो पुज्ने चलन छ । तीन ढुंगाले बनेको अगेनामा यो चुलोलाई किरात राईहरुले आफ्नो पितृको बास रहेको शक्ति केन्द्र मान्दछ र चुलो पुज्नु भनेको अग्नीको स्तुति गर्नु पनि हो जस्तो लाग्छ र त्यहाँ नजानु है भन्ने गरीन्थ्यो सायद आगोले पोल्ला या अगेनाको आगो निभाई देला भनेर त्यसो भनेको हुनु पर्छ । हिजो आज ती नै कुराहरु अपभ्रंश भएर यस्तो बन्यौ कि अन्तर जातिय मानिस लगायत आफ्नै छोरा नातीले ल्याएको अन्तर जातिका बेहुली जान नहुने भयो । जसले के देखाउछ भने किरात राईहरुमा पनि वर्णआश्रमको प्रभाव परेको थिएछ ।

छुवाछुत, तल्लो वर्ग, दलित र उ पल्लो माथीको जाति जस्तो रहेको वर्णआश्रमको अभ्यास नेपालमा धैरै लामो समय रहेको त्यसको धगंधंगे अझै बाकी रहेको हामीलाई थाहै छ । यसरी र कुनै संस्कृतिको यसरी धैरै लामो अभ्यासपछि कसैलाई पनि लाग्दैन कि यो हाम्रो संस्कार र संस्कृति होइन भन्ने । आज हामी किराती राईहरुलाई यहि भएको छ जस्तो लाग्छ । हङकङमा अबको नयाँ पुस्ताले अन्तर जातिय मात्र नभएर अन्तरदेशीय महिला र पुरुषसँग वैवाहिक संरचना रच्ने निश्चित प्राय भै सकेको छ ।

अबको संसार ग्लोबल विचारधारा बोकेर गई रहेको बेला के रष्ट्रीयता हामीलाई आवश्यक छ भन्ने सवाल उठिरहेको छ । यस्तो अवस्थामा हामीले उदार हुनु पर्ने देखिन्छ जुन कुराको महसुस गरेर हङकङको किरात राई यायोक्खाले कुटुम्बेली विवाह अन्तर जातिय सम्बन्धी छलफल गरी जुन उदारता अपनाउने देखिन्छ यसको भविष्यमा उच्च कदर हुने छ । केहि राईहरुको थोरै विमत्ति रहे पनि धैरैले अबको समय नयाँ पुस्ताको हो भनी अन्तर जाति विवाहलाई मान्यता दिनु पर्ने सुझाव आएको देखिन्छ । यसो गर्दा नयाँ पुस्तामा किरात राईहरुको संस्कार र संस्कृति प्रति सम्मान मात्र होइन किरात राईको धर्म, संस्कार र संस्कृतिलाई पुस्तान्तरण गर्न पनि सजिलो हुने देखिन्छ ।

त्यसो त हङकङका किरात राई यायेक्खाभित्रका हामीहरु केही पदाधिकारीहरुमा नै अन्तर जातिय विवाहमा रहेका हाम्रा परिवारहरु छन् । यस्तो अवस्थामा हामीहरुले हाम्रो भाषीक ज्ञानलाई पनि बढोत्तर गर्ने काममा ध्यान आर्कषण गर्नु पर्ने हुन्छ । भाषाले नै सबै भन्दा ज्यादा नजीक पुराउने काम गर्ने हुदा हामीले यसमाथी गम्भीर भएर सोच्नु पर्छ । अन्तर जाति विवाहबाट हामीले हाम्रो भाषाको ज्ञान अन्य जाति सम्म पुराउन सकिन्ने छ ।

राईहरुको विवाहको संस्कार पनि अन्य भन्दा निक्कै फरक र रोचक हुन्छ । किरात राईहरुको विवाह सम्पन्न गर्दा विवाह सम्पन्न गराउने किरात पुजारी (कुविमी) को भूमिक देखि कस्तो प्रकारको बेहुला-बेहुली विवाह सम्पन्न गर्दा गर्नुपर्ने सम्मको रितिरीवाज गरीन्छ । यसरी अन्तर जातिय किरात राईहरुले उदार भावनाको साथमा ती सम्पूर्ण वैवाहिक कार्य सम्पन्न गर्न अग्रसरता देखाउन सके यस किसिमको लचकताले हाम्रो किरात राईहरुको संस्कृतिको जगेर्ना गर्नमा अरु मद्धत हुनेछ । किरात राई जातिमा फरक फरक विवाहलाई फरक फरक नाम दिईन्छ । जस्तै केटा केटी आफै मिलेर विवाह गर्न भने टँमाटाट्मा, फकाएर विवाह गर्नेलाई सोम्माटाट्मा, मागेर विवाह गर्नेलाई डोट्माटाट्मा र तानेर विवाह गर्नेलाई साट्माटाट्मा भनिन्छ । राईहरुको विवाहको विधि लगभग सबै राई जातिसँग मिल्ने नै हुन्छ । जस्तो कि छोरीको विवाहमा बागदाता दिने, बेहुला-बेहुली लिन जादा बेहुलीको मान्छेहरु बाटोमा लिन आउने हुँदा लामटाम्पा रिती गरीन्छ । जन्म दिने आमाको रित, मावलीको रित, दश भाईको रित बुझाउने जस्तो कार्यमा हुने सम्बाद निक्कै उच्चकोटीको सभ्यता झल्काउने खालको छ । यी यस्ता हाम्रा संस्कृतिबाट हामी र हाम्रा नयाँ पुस्ता टाढा हुँदै गई रहेको अवस्थामा यहाँ किरायाका अरु जिम्मेवारी बढेको महशुस गर्न सकिन्छ ।

राईहरु विवाहमा साकेला सिली टिप्ने विनायो, मुर्चुङ्गा बजाउने, ढोल झेम्टा आफनै किसिमको धुनमा बाजागाजा बजाई विवाह सम्पन्न गर्छ । अन्तरजातीय विवाह सम्पन्न गर्ने कार्य गर्न सके हाम्रो किरात राईहरुको विशेष किसिमको मौलिकताले सबैलाई आर्कषण गर्न सक्ने कुरामा दुईमत नहोला ।

अन्तमा, जो जे जहाँ रहे पनि मानिसलाई सधै उसको भाषा ,संस्कार र संस्कृतिले सधै पछाई रहेको हुन्छ । यसरी समाजमा उसको पृथकताले नै उसको मौलिक पहिचान गर्छ । व्यक्ति कहिल्यै एकल हुँदैन । उ सामाजिक हुन्छ । र, नै उसको अस्तित्व कायम छ । हङकङमा चुनौतीकै बीचबाट भएपनि किरात राई यायोक्खाले राईहरुको संस्कार, संस्कृति र धर्मलगायत राई समुदायको समग्र उत्थानकालागि निर्माण गरिएको यो सामुहिक सुप्तुलुङखिमको सबैले आत्मसात गर्नु पर्छ । यसकासाथै अन्तरजातीय विवाहलाई उदार भावनासँग राखेर कर्म गरे आफनो संस्कार संस्कृतिको र धर्मको प्रचारप्रसार विश्वव्यापी बनाउन सकिन्छ ।■

# किरात राईको विवाह र बद्लिँदो आयामहरु – बसन्त (बिपिन) राई

हामी किरात राईहरु अन्य जातीय समुदायभन्दा धेरै विविधताले भरिएको फरकफरक भाषा बोल्ने एउटै जाती भएपनि चुला संस्कृतिले भने एकरुपतामा बाँधिएको पाउछौं । यस अर्थमा चूला हाम्रो अभिन्न अङ्ग हो । चूला संस्कृति हो । योसँग जोडिएर आउने बिगत इतिहास होस् वा आउने भविष्यमा यसको महत्वलाई कायम राख्दै बद्लिदो परिवेश अनुसार समयको मागसँगै केही परिमार्जन गर्दै अघि बढनु पर्ने समयको कसीमा हामी आई पुगेका छौं । त्यसैले यस विषयमा आफ्नो अभिमत राख्न अनुमति चाहन्छु ।

यसो भनिन्छ कि हाम्रा पिता पुर्खाहरु धेरै चालाख थिए । त्यसैले यति धेरै भाषाहरुको आविष्कार गरे । सहज जीवन यापनको शिलशिलामा नयाँ नयाँ ठाँउमा आवादि गर्दै वस्ती बसाउँदै गए । अरुले मुन्धुम चोरी नगरुन् भनेर अलिखित थुतुरी वेद चलाए । सोहि परम्परा बसाए । मेरो भनाईको तात्पर्य जहाँजहाँ गए त्यहाँत्यहाँ समय र परिवेश अनुसार संस्कृतिको रीतिथिति बसाए । नयाँ भाषाको प्रयोग गरे भन्न सकिने धेरै आधारहरु छन् ।

### १. मुन्धुम :

हाम्रो संस्कृतिको मूलस्रोत मुन्धुम नै हो जो शदियौंदेखि पितापुर्खाले वाचन गर्दै आउनु भएको छ । अलिखित हुनाले पुस्तान्तरण सवालमा केही न केही अवश्य परिवर्तन पनि भएको हुन सक्छ । त्यस्तै हिन्दु धर्ममा किरात शब्द उल्लेख हुनु हिन्दुसँग पनि कतिपय ठाउँमा मिल्दोजुल्दो जस्तो देखिन्छ । त्यो लामो समयक्रममा एकले अर्कोको संस्कृतिलाई केही हदसम्म अपनाएको हुन सक्छ । मुन्धुममा उचनीच जातजाति भनेर उल्लेख गरिएको पाइदैंन ।

### २. माङ्पा अथवा कुविमि :

राई जातिमा बिजुवा, पूजारीको ठूलो महत्व छ । आफ्नो कूल देउताको विशेष दैवीय शक्ति प्राप्त व्यक्तिनै जन्मेदेखि मर्दासम्मको कर्मकाण्ड गर्ने उपयुक्तसाथै अनिवार्य व्यक्ति हुन् । उनैको विवेकले जे भन्छ हामी सामान्य मान्छेले आमरुपमा मान्दै आएका छौं । यस हिसाबले मुन्धुमको असली परिपालक पनि उनै हुन् । अब हेरौं । राई समुदायमा बिजुवाहरुले फरक फरक बसाएका कतिपय प्रचलनहरु छन् । जस्तो चूलामा मासुजन्य भोग चढाएर गर्ने कि फलफुल चढाएर गर्ने यो आम प्रचलनमा आई सकेको छ ।

अर्को प्रसङ्ग आफूले प्राप्त गरेको दैवीय शक्ति अन्य जातिका मान्छेले सिक्न चाहेमा उसलाई सिकाउने, चेला बनाउने चलन छ तर त्यस्को लागि बिजुवाले मानी आएको चलनलाइ शिरोधार्य गर्नु पर्छ । सामन्य त राई बिजुवाले बाख्राको मासु खादैननन् । खाएमा बहुलाउने, पिराउने गर्छ उच निच चाहे दलित होस् यो उसलाई पनि लागु हुन्छ । भनाइको मतलब मुन्धुमको खास परिपालकले नै जातभात केही बिभेद नगरी ज्ञान बाँडेका छन भने अन्य जातका छोरीचेली चूलामा भित्र्याउनु मुन्धुम बाधक छैन ।



### ३. वातोङ भाई :

हाम्रो जातिमा चलि आएको प्रचलन वातोङ भाई बाँध्नु । यो निकै महत्वपूर्ण चलन हो कुनै पनि शुभ-अशुभ पारिवारिक कर्मकाण्ड सम्पन्न गर्नुअघि वा जटिल समस्या आई लागे वातोङ भाई बसी छलफल गरि टुंगोमा पुर्याउने चलन छ । अन्तरजातीय विवाहमा पनि वातोङ भाई बसी अन्य जातिबाट विवाह गरी ल्याएको छोरीचेलिलाई नयाँ जात दिई चुला भित्र्याउने चलन पनि पाइन्छ ।

### ४. आजको विशेष आवश्यकता :

किरात राई जातिको बसाईको भूगोल आधुनिक समाजले ल्याई रहेको तीव्र परिवर्तन, अस्तब्यस्त दैनिकी अनि आँखाअघि हुर्कि रहेको हाम्रो सन्तान, उनीहरुले अंगाली रहेको संस्कृति आदिले छातीभरी पींडा हुन्छ । उनीहरुप्रतिको चिन्ताले कुनै पनि आमाबुवा रातको निंद पूरा हुन नपाई रहेको हुन सक्छ । यसपाली उसको जीवनको महत्वपूर्ण कर्म गरि दिनु छ । आफ्नो संस्कृति-परम्परा अनुसार गर्ने इच्छा छ । सधैं आफ्नो जन्मभूमि, पीतापुर्खा भएको ठाउँमा जाने माहोल कहाँ हुन्छ ! विदेशमा बसेपछि धेरैजसोको मनको इच्छा यसै वरीपरी घुमी रहेको हुन्छ । अनि बाधक बनेर आई दिन्छ अन्तरजातीय / अन्तरदेशीय उसको प्रेम । खै कसरी मेरो संस्कृतिसँग मेल गराउने ? कुनै बाटो नहुँदा बाबाआमाको मन डढेलो लागेको छ । हामीले यसलाई सम्बोधन गर्नु पर्ने भएको छ । त्यसै पनि विवाह परम्परागत, मान्याता, परिभाषाबाट बिमुख परिवर्तन हुँदै गएको परिप्रेक्ष्यमा आउनुस् वातोङ भाई बसौं । सल्लाह गरौं । यसलाई मान्यता दिएर जाऊँ । हामीले स्वीकार गरेनौं भने उनीहरु बाध्य भएर अन्य संस्कृतिमा जाने छन । बेलैमा हाम्रो सन्ततिलाई बाटो दिउँ । ■


किरात राईहरुको महान चाड
साकेला उभौली २०२३ को
हार्दिक मंगलमय शुभकामना ।
NEPAL
FINANCE
SINCE 2011
Rm. 203, 1/F, Top Jade Mansion, 608 Canton Road, Yau Ma Tei, KLN. Tel: 28894721
HELLO KITCHEN
G/F, 181 Shanghai Street,
Yau Ma Tei, Kowloon,
Hong Kong.
Tel: 2626 0222
BAGAICHA
Restaurant & Bar
Bagaicha Restaurant & Bar
Shop H, G/F, Lee Shing Mansion,
11-19 Wai Ching Street, Yau Ma Tei,
Kowloon.
Tel: 2668 2907
ALPHA REMIT
G/F, 45B Jordan Road, Yau Ma Tei
Kowloon, HK.
Near Austine MTR Exit 'A'
Tel: 2556 3797

# किरात राई भाषाहरुको अभिलेखनमा किरात सिरिजङ्गा लिपि प्रयोगः

## इतिहासदेखि वर्तमानसम्म

– गणेश वाम्बुले राई र तीर्थराज मुकारुङ राई



### १. सारांस

भाषा व्यक्ति-व्यक्ति, परिवार, समाजले व्यवहार गर्ने एक महत्व अभिव्यक्तिको माध्यम हो। भाषा बोलेर बाँच्दछ। मानिसमा चेतनाको विकास भएको धैरै पछिबाट आफूले बोल्ने भाषालाई लेख्य रुपमा ढाल्न थालेका हुन् । मूलतः चित्रका माध्यमबाट यसको पहिचान दिएका हुन्। बोलीलाई चित्रमा, संकेतमा ढाल्ने काम अन्ततः लिपि भनियो । बोलीको स्वरूपलाई अक्षरमा ढाल्ने काम हुन थाल्यो । भाषालाई वैज्ञानिक अध्ययनको विषय बन्यो। संसारमा ६ हजार जति भाषा बोलिन्छन्। ती बोलीलाई अभिलेखीकरण गर्ने लिपि चाहिं ४ सय जति प्रचलनमा छन् (बन्धु, २०७३)।

नेपालमा १२५ जातजाति र १२३ भाषा बोलिन्छन्। यी भाषालाई १५ वटा जति लिपिका माध्यमबाट लिपिवद्ध गर्ने गरिएका छन्। देवनागरी, रोङ, किरात सिरिजङ्गा, सम्भोटा/उ छेन, रञ्जना/नेवा, ओलचिकी, खेमा, मिथिलाक्षर, अक्खा, जेःतिचा, कैथी, धेमालाई, अरबी/उर्दू, ब्रेललिपि र रोमन हुन्। (गोरखापत्र दैनिकमा २०६५ असोज १ गतेबाट प्रकाशन आरम्भ भएको 'नयाँ नेपाल पृष्ठ'मा यहाँ उल्लेख अधिकाश लिपिहरू प्रयोग हुँदैआएको पाइन्छ ।) यस आलेखमा किरात सिरिजङ्गा लिपिको प्रयोगबारे चर्चा गरिनेछ । किरात समुदायमा 'किरात लिपि' भनेर जान्ने गरिन्छ। लिम्बू भाषालाई समृद्ध तुल्याउन सिरिजंङ्गाहाङले लिपिको पुनःउत्थान गरेकाले उनै महान व्यक्तित्वको सम्मानमा 'सिरिजङ्गा लिपि' भनेर प्रचलनमा छ। यो लिपिलाई भोट–बर्मेली परिवार अन्तर्गत किरात समूहका भाषाहरूमा 'किरात सिरिजङ्गा लिपि' भनेर साझा रूपमा चलाउने सहमति भएको छ । प्रस्तुत आलेखमा किरात राई समूहका भाषाहरूमा किरात सिरिजङ्गा लिपि प्रयोगको अवस्थालाई केलाउने प्रयास गरिएको छ।

### २. किरात राई जाति र भाषा

२१औं शताब्दीसम्म आइपुग्दा नेपाली समाजमा किरात जाति भनेर राई, लिम्बू, याक्खा, सुनुवार बुझ्ने गरिएको छ। धिमाल, थामी, हायु, सुरेल, जिरेललगायतले आफूलाई किरात भन्दछन्। राई जातिभित्र २६ वटा भाषा बोलिन्छ। राई जातिभित्र बोलिने भाषा र बोल्नेको संख्या यस प्रकार छः बान्तावा (१,३२,५८३), चाम्लिङ (७६,८००), कुलुङ (३३,१७०), थुलुङ (२०,६५९), साम्पाङ (१८,२७०), खालिङ (१४,४६७), वाम्बुले (१३,४७०), बाहिङ (११,६५८), नाछिरिङ (१०,०४१) छन्। त्यसैगरी याम्फु/याम्फे (९,२०८), दुमी (७,६३८), पुमा (६,६८६), दुङमाली (६,२६०), आठपरिया (५,५३०), मेवाहाङ (४,६५०), लोहोरुङ (३,७१६), छिन्ताङ (३,७१२), छिलिङ (२,०४६), जेरो/जेरुङ (१,७६३), तिलुङ (१,४२४), कोयी (१२७१), बेलहारे (५५९), साम (४०१), फाङदुवाली (२९०), लिङखिम/लुङखिम (१२९) र राई (१,५९,११४)। राई छुट्टै भाषा नभई जातिमात्र हो। त्यसैगरी लिम्बू (३४३६०३), सुनुवार (३७८९८) र याक्खा (१९५५८) वक्ता छन् (राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन)।

भोट-वर्मेली भाषा परिवारअन्तर्गत किराती समूहका भाषामध्ये सबैभन्दा विकसित लिम्बू भाषा हो । लिम्बू भाषाका ऐतिहासिक दस्तावेजहरू सिरिजङ्गा लिपिमा लिपिवद्ध भएका छन् । त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयदेखि बेलायतको ब्रिटिस लाइब्रेरी 'हड्सन कलेक्सन'सम्म लिम्बू भाषा, साहित्य, संस्कृतिजन्य ऐतिहासिक हस्तलिखित ग्रन्थहरू छन्।

२०४६ सालको राजनीतिक परिवर्तनपछि जारी 'नेपाल अधिराज्यको संविधान, २०४७' ले पत्रपत्रिका प्रकाशन स्वतन्त्रता दियो र नेपालका धैरै भाषाहरू लेखिन र पत्रपत्रिका प्रकाशन हुनु थाल्यो। त्यसअघि पंचायतकालमा पनि घला राईले 'कोङ्पी' र साम्लिङ वालालीले 'पारुहाङ' पत्रिका प्रकाशन गरेका थिए, जसमा किरात लिपि पत्रिकाको नाम अंकित गरेको पाइन्छ। प्रजातन्त्र आएपछि किराती राई समुहका भाषाहरूमा पनि पत्रपत्रिका प्रकाशन हुँदैआएका छन् । मातृभाषालाई देवनागरी लिपिमा लेखन तथा प्रकाशन भएको पाइन्छ। पत्रपत्रिकाको नाम देवनागरीका अतिरिक्त किरात लिपिमा राखेको पाइएका छन्।

२०७८ असार २५ र २६ गते काठमाडौंमा आयोजित कार्यशालाबाट चार किरात संस्थाले 'किरात सिरिजङ्गा लिपि' लाई साझा लिपिका रूपमा विकास गर्न दुई दिने कार्यशाला सम्पन्न भयो। त्यसपछि किरात

सिरिजङ्गा लिपि प्रयोगमा व्यापकता आएको छ । किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, किरात याक्खा छुम्मा र सुनुवार सेवा समाजका केन्द्रीय प्रतिनिधि र विज्ञसहित 'साझा लिपि' निर्माणमा जुटेकाले नयाँ आयाम थपिन पुगेको मान्न सकिन्छ । यी जातीय संस्थाको सामूहिक नेतृत्व रहेको किरात समन्वय समिति क्रियाशील रहेको पाइन्छ ।

### ३. किरात लिपि उद्भव

किरात इतिहासविद् इमानसिंह चेम्जोङका अनुसार राजा सिरिजङ्गाले स्थापना गरेको नयाँ राज्यमा शिक्षा प्रचार गर्नकालागि यो लिपि आविस्कार गरेकाहुन् । विद्याकी देवी निसाम्माङले उसलाई हिमालयको अनकन्टार गुफामा लगेर शिलामा अंकित 'किरात लिपि' प्रदान गरेको भन्ने किंवदन्ति छ (चेम्जोङ, २०१३, पृ.३) । यसरी किरात राजा सिरिजङ्गाले आविष्कार गरेको लिपि भएको हुनाले हामी किरात लिपिलाई सिरिजङ्गा लिपि पनि भन्दछौं ।

प्रथम सिरिजङ्गा राजाको शेषपछि लगभग एक हजार वर्षसम्म (बाजवीर थलङ, भूमिका, १९८२) लोप भए सरह नै भयो । इसाको अठारौं शताब्दीको प्रथम चरणमा वर्तमान पूर्व नेपालको लिम्बुवानमा हालको ताप्लेजुङ जिल्लाको सिनामको तेल्लोक भन्ने गाउँमा थेबे कुलवंशभित्र सिङ्थेबे थरका प्रतिभाशाली महापुरुष (१७०४–१७४१)ले पुनर्जीवन दिएर फेरि प्रचलनमा ल्याए । लोप भइसकेको यो लिपिलाई पुनर्जीवन दिने उनलाई सिरिजङ्गाको अवतार मानेर तेअङ्सी सिरिजङ्गा तथा दोस्रो सिरिजङ्गा भन्न थालियो । सिरिजङ्गा लिपिको प्रचार गर्दै उनी उति बेलाको सिक्किम देशमा पुगे । उता पनि प्रचार कार्य धुमधामसँग गरे । यसो गर्दा तिब्बती लिपि सिकेर बौद्धधर्ममा दीक्षित हुन गइरहेका किरातवंशी लिम्बुहरूमा आफ्नो धर्म, भाषा र लिपि प्रतिको चेतना जाग्यो । तिब्बती लिपि पढ्ने र बुद्धधर्ममा लाग्ने लिम्बूहरूको संख्यामा कमी आउन थाल्यो । यिनै कुराले गर्दा भोटे लामाहरू उनीसँग औधि क्रोधित भएका थिए र पेमायोन्ची गुम्बाका ठाछाङ लामाहरूका षडयन्त्रबाट पश्चिम सिक्किमको मार्तामामा सिक्किमका पाँचौं राजा फुन्छयोग् नामग्यालको शासनकालमा रुखमा बाँधी विषालु काँड प्रहार गरेर मारियो । त्यसपछि उनको लासलाई छालाको धोक्रोमा हाली रंगित खोलामा बगाई दिइयो । भाषा र लिपिका लागि लिम्बू इतिहासमा नै पहिलो सहिद (सन् १७४१) हुने तेअङ्सी सिरिजङ्गा लिम्बु जातिको पाँच सहिदहरूमा एक थिए ।

